डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily .com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily .com

❖ वर्ष ३७ ❖ २०८१ वैशाख १२ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 April 24 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३२

## निकुञ्जको पोखरीमा पानी सङ्कलन, जनावर र चराचुरुङ्गीलाई राहत

प्रस, निजगढ, ११ वैशाख/

दुई महीना यतादेखि अत्यधिक गर्मीसँगै सुक्खा बढेपछि प्यासले भौंतारिने वन्यजन्तु तथा चराचुरुङ्गीलाई राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ कार्यालय, भरतपुरले केही राहत दिएको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज आधाभारको अमलेखगंजस्थित तीनकुवा पोखरी क्षेत्रमा राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले पुरानो पोखरीलाई मर्मत, सुधार, निर्माण गरेसँगै पोखरीमा पानी सङ्कलन हुन थालेको र त्यसले निकुञ्ज क्षेत्रको वनजङ्गल, राष्ट्रिय वन, सामुदायिक वनमा रहेका वन्यजन्तु तथा चराचुरुङ्गीहरूलाई राहत दिलाएको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले अघिल्ला वर्षहरूमा पोखरी मर्मत, सम्भार गरे पनि सुक्खायाममा पोखरीमा पानी सङ्कलन हुन सकेको थिएन । त्यहाँको भौगोलिक बनावट गहिरो भिरालो भएर पनि पोखरीमा पानी नअडिंदा पोखरी मासिन पुगेको थियो ।

हामी शुरूमा त्यहाँ जाँदा पोखरीमा पानी नभएर झाडी बुटचानले ढपक्कै ढाकेको थियो। पोखरी लगभग मासिएको अवस्थामा थियो । यस अघि निकुञ्ज कार्यालयले प्रयास गरेको तर सफलता पाउन नसकेको जानकारी पाएपछि पोखरी मर्मत, सम्भार, निर्माण कार्य यस कार्यालयले शुरू गरेको राष्ट्रपति चुरे कार्यालयका प्रमुख श्यामबाबू लोप्चनले जानकारी दिए ।



पोखरी निरीक्षण गर्दै प्रमुख श्यामबाबू लोप्चन । तस्वीरः जीतलाल श्रेष्ठ

“प्राविधिक हिसाबले हामीले सफलता पाउन सक्छौं कि सक्दैनौं भनी प्राविधिक टोलीले स्थलगत अध्ययन गरी प्रयास कार्य अघि बढाएका हौं । आखिरमा सफलता पायौं। अहिले पोखरीमा पर्याप्त पानी छ । बाँदर, लङ्गुर, विभिन्न प्रजातिका चराचुरुङ्गीहरू पानी खाने र पानीमा रमाइरहेका देख्यौं। यसले हामी धेरै खुशी छौं,” प्रमुख लोप्चनले भने ।

“पोखरीको डिल वरपर हरिण, मृग, चित्तल, बँदेल जस्ता जङ्गली जनावर पानी खान आउने गरेका तिनीहरूको पाइलाका डोबहरू देखिएपछि खुशी र आनन्दको सीमा नै रहेन। हाम्रो लगानी खेर गएन। वन्यजन्तु, चराचुरुङ्गीहरूलाई निकै राहत मिलेको प्रत्यक्ष देख्न र बुझ्न पाइयो,” प्रमुख लोप्चनले भने ।

आर्थिक वर्ष २०८०/८१ को बजेटबाट नौ लाख ५१ हजार ९१३ रुपियाँ ५७ पैसा लागत अनुमान गरी चुरे भावर क्षेत्रमा जलपुनर्भरण पोखरी निर्माण कार्यक्रम अन्तर्गत सो कार्य गरिएको राष्ट्रपति चुरे कार्यालयका सबइन्जिनीयर अनिलकुमार सिन्हाले जानकारी दिए । अम्लेश्वर उपभोक्ता समिति अमलेखगंजमार्फत कार्यालयले सो कार्य अघि बढाएको राष्ट्रपति चुरे कार्यालयले जनाएको छ।

जसमा दुई हजार १९२ वर्गमिटर क्षेत्रफलमा एक्साभेटर प्रयोग गरी पोखरी मर्मत, सुधार, आवश्यकता अनुसार तारजालीको बाँध निर्माण, थप चिम्टयाइलो माटोको प्रयोगलगायतका आवश्यक अन्य कार्य गरी सफलता पाएको सबइन्जिनीयर सिन्हाले खुशी हुँदै बताए ।

पोखरी निर्माणपछि पोखरीमा पानी सङ्कलन भएकोले वन्यजन्तु, चरा चुरुङ्गीहरूलाई सुक्यायाममा निकै राहत मिलेको र यसले वन्यजन्तुहरू पानीको खोजीमा भौंतारिंदै गाउँबस्ती आउने क्रम रोकिने सम्भावना रहेको पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख रामचन्द्र खतिवडाले बताए। भौगोलिक हिसाबले पनि निकुञ्ज क्षेत्र भावर क्षेत्रमा रहेकोले फागुनदेखि जेठ महीना यस निकुञ्जका अधिकांश क्षेत्रमा पानीको निकै समस्या हुने गरेको प्रमुख खतिवडाले बताए ।

हामी सानो छँदा जङ्गलमा गोठाला आउँदा यस ठाउँ सिमसार जस्तै पानीको जरुवा थियो । धेरैपटक यहींको पानी पातमा राखेर पिएका थियौं। त्यही ठाउँ अहिले सुक्खा भएछ । अहिले राष्ट्रपति चुरे कार्यालयले पोखरी खनेर पानी निस्किएपछि निकै खुशी लागेको अमलेखगंजका स्थानीय विकास श्रेष्ठले बताए ।

यस तीनकुवा पोखरी क्षेत्रमा निकुञ्जले यसअघि करीब ३५ फिटभन्दा अग्लो सिमेन्टेड मचान निर्माण गरी सोलार प्यानलसमेत जडान गरेको छ । जसबाट यस पोखरीमा पानी खान आउने वन्यजन्तु, चराचुरुङ्गीलाई सुरक्षित तवरले अवलोकन गर्न सकिन्छ ।

## अलौंका सातवटा घरमा आगलागी



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंज महानगरपालिका–१७ अलौंस्थित सातजनाको घरमा आगलागी हुँदा केही चौपायाको मृत्यु भएको छ भने करीब ५४ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

मङ्गलवार बिहान ३ बजे महेन्द्र सहनीको फुसको घरमा विद्युत्को तार सर्ट भई आगलागी भएको र सो आगो सल्केर मैना सहनी, वीरेन्द्र सहनी, फूलदेव सहनी, तुफान सहनी, अभय सहनी, अदालत साहको घरमा आगलागी भएको जिप्रका, पर्साले जनाएको छ ।

आगलागीमा महेन्द्र सहनीको एउटा गाई र चारवटा बाख्रा र मैना सहनीको दुईवटा बाख्रा, दुईवटा खसी मरेका छन् भने अन्न, कपडा, सरसामान र गहना जलेर नष्ट भएको प्रहरीले जनाएको छ। आगलागीमा वीरेन्द्र सहनी, तुफान सहनी, फूलदेव सहनी, अभय सहनी र अदालत साहको घर क्षति पुगेको प्रहरीले जनाएको छ ।

## प्रसौनी बिर्तामा आगलागी हुँदा गहुँ जल्यो



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंज महानगर–२३ प्रसौनीबिर्तामा खेतमा जथाभावी आगजनी गर्दा गणेश ठाकुरको लाखौं मूल्य बराबरको गहुँबाली जलेर नष्ट भएको छ ।

गाउँका केही व्यक्तिले आफ्नो खेतको गहुँको ठुटो नष्ट गर्न बालेको आगो सल्किएपछि नजीकै खेतमा दाइँ गर्न तयार पारिएको गहुँको बोझा जलेर नष्ट भएको स्थानीय सुबेदार यादवले बताए। तातो हावा चलेसँगै विभिन्न ठाउँमा आगलागीका घटना बढेका छन्। गर्मीको मौसममा घरदेखि खेतसम्म आगो बाल्दा सावधानी अपनाउन स्थानीय प्रशासनले अपील गरेको छ ।

## कुखुरा फार्मका कारण हजारौं नागरिकलाई सास्ती

प्रस, सेढवा, ११ वैशाख/

पर्साको पटेर्वासुगौली गाउँपालिका



तस्वीरः प्रतीक

वडा नं २ रङ्गपुरमा रहेका शिवम् लेयर्स फार्म प्रा. लि.का कारण वर्षौंदेखि हजारौं नागरिक कष्टकर जीवन बिताउन बाध्य छन्। सो फार्मका कारण त्यस क्षेत्रका एक दर्जन गाउँका नागरिकले दिनरात समस्या झेलिरहेका छन्। करीब ५० हजारभन्दा बढी कुखुरापालन गरिने सो फार्मबाट उत्पन्न वायु प्रदूषण तथा फोहरका कारण झिंगाको प्रकोप बढेर आसपासका हजारौं नागरिकको स्वास्थ्यसँग खेडबाड भइरहेको स्थानीयवासीले गुनासो गरेका छन्। सो पालिकाको वडा नं १ देखि ३ अन्तर्गत पर्ने मकवानीटोल, वनकटवा, चाफी, भाथा, थरघटी, धर्मबस्ती, रामपुर, बैजनाथपुर र रङ्गपुरका नागरिकहरू प्रत्यक्षरूपमा प्रभावित रहेका छन् ।

पटेर्वासुगौली गाउँपालिका वडा नं २ का वडाध्यक्षका प्रत्याशी नौसाद अन्सारीले यस फार्मका कारण यस क्षेत्रका नागरिकहरूको जीवन निकै कष्टकर भएको बताए । यस फार्मबाट निस्किने फोहरबाट दुर्गन्ध बढेर वातावरण दूषित भई दिनमा झिंगा भन्किने र रातमा लामखुट्टेको आतङ्क बढेर यस क्षेत्रका मानिसहरू राम्ररी सुत्न पनि नपाउने अवस्था रहेको अन्सारीले बताए। यस क्षेत्रमा हुने भोजभतेरमा इष्टमित्र तथा पाहुना आउँदा झिंगाका कारण खाना नै नखाई फर्किने गरेका अन्सारीले बताए। साथै यस क्षेत्रमा विवाहका लागि अभिभावकहरूले छोरीसमेत दिन नमानेका कतिपय घटना सार्वजनिक भएको अन्सारी बताउँछन्।

खाना खाँदा खानामा परेका झिंगा फाल्दै खाना खानुपरेको स्थानीयले गुनासो गरेका छन्। जसका कारण परिवारमा सधैं एक न एकजना बिरामी परिरहने गरेको स्थानीयले गुनासो गरे । दूषित वातावरण तथा झिंगाका कारण झाडापखाला, ज्वरो, छालाका रोगको प्रकोप सधैं रहिरहन्छ । यस क्षेत्रका विद्यालय, स्वास्थ्य संस्थाहरूमा पनि झिंगा भन्किने तथा दुर्गन्ध रहने गरेको छ ।

यस क्षेत्रबाट फार्मलाई हटाउन स्थानीयवासीले सम्बन्धित पालिकालगायत अन्य निकायलाई आग्रह गरेका छन्।

सहन नसकिने दुर्गन्ध तथा गर्मी बढेसँगै गाउँबस्तीभरि यत्रतत्र झिंगा भन्किएर यहाँका मानिसहरू झुल लगाएरखाना खानुपर्ने अवस्था सिर्जना भएको पटेर्वासुगौली गापा वडा नं २ वनकटवा निवासी सहदेव चौधरीले गुनासो गरे। फार्मको पाँच किमी आसपासका गाउँहरूमा भोजभतेर गर्न नसकिने अवस्था रहेको चौधरीको भनाइ छ। भोजको आयोजना गरे पनि पाहुनाहरूको सहभागिता नरहने चौधरीले बताए ।

सो क्षेत्रमा बाहिरका इष्टमित्र तथा आफन्तहरूले झिंगा र प्रदूषणका कारण घरमा आउन र खाना खान नमानेका गाउँ कार्यपालिका सदस्य सविना विकले बताइन्। जाडो मौसममा झिंगाको प्रकोप केही कम भएपनि अहिले गर्मी बढेर झिंगाको प्रकोप बढेको सदस्य विकले बताइन्। उनले गत वर्षको तुलनामा यस वर्ष झिंगाको प्रकोप केही कम देखिएको विकको भनाइ छन ।

सो फार्मबाट निष्कासन हुने फोहरका कारण वरिपरि प्रदूषण बढेर यस क्षेत्रका बासिन्दाहरूमा विभिन्न किसिमका स्वास्थ्य जोखिम रहेको पटेर्वासुगौली गापाका स्वास्थ्य शाखा प्रमुख भुजेन्द्रप्रसाद यादवले बताए। झाडापखाला, टाउको दुख्ने, भाइरल ज्वरो, श्वासप्रश्वाससम्बन्धी रोगका सङ्क्रमण हुनुका साथै प्राणघातक रोग पनि हुन सक्ने प्रमुख यादवले बताए।

सो फार्मबाट निस्कने प्रदूषणका कारण किसानका बालीनालीमा समेत क्षति पुग्ने गरेको छ । विगत केही वर्षदेखि फार्म वरिपरिका खेतमा बाली हुर्के पनि दाना नलाग्ने गरेको स्थानीयले जनाएका छन्। धान, गहुँ, तोरीका बाली लाग्ने तर दाना नलाग्ने किसानहरूले बताए। आसपासका विभिन्न फलफूलका बगैंचामा फल नलाग्ने स्थानीयको भनाइ छ । यस सम्बन्धमा पटेर्वासुगौली गापाका अध्यक्ष दिनेशकुमार चौधरीले फार्मलाई सरसफाइको मापदण्ड पूरा गर्न कडाइ गरेको बताए । फार्मका लागि पालिकाबाट हुने सिफारिश, वातावरणीय मूल्याङ्कन प्रतिवेदन

(बाँकी अन्तिम पातामा)

## धोबिनीका शिक्षकविरुद्ध अख्तियारमा मुद्दा

प्रस, वीरगंज, ११ वैशाख/

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पर्सा जिल्ला, धोबिनी गाउँपालिकास्थित नेराप्रावि बखरीमा कार्यरत शिक्षक जनार्दनप्रसाद कानूनविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

प्रावि तहमा कार्यरत शिक्षक कानूले अध्यापन अनुमतिपत्र नक्कली पेश गरेर काम गरेको दावीसहित अख्तियारले सोमवार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले बताए। उनले शिक्षक कानूविरूद्ध अध्यापन अनुमतिपत्र नक्कली पेश गरी नियुक्ति लिएको आरोप सहितको उजूरी परेको र सो सम्बन्धमा छानबिन गर्दा नक्कली देखिएको कारण निजविरूद्ध भ्रष्टाचार निवारण ऐन बमोजिम कारबाइ माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको बताए।

## कहाँबाट आउँछ भन्सार छलीका सामान ?

प्रस, वीरगंज, ११ वैशाख/

भन्सार छली गरी भित्र्याइएका मालसामान राखेको आशङ्कामा विभिन्न ठाउँका गोदाममा प्रहरी प्रशासनले छापामारी गरिरहेको छ। पर्सा प्रहरीको विज्ञप्तिमा उक्त मालसामान भन्सार छली गरी नेपाल भित्र्याइएको दाबी गरिएको छ ।

नेपाल–भारत सीमामा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी बल र विभिन्न नाकामा प्रहरी युनिट स्थापना गरी २४सैं घण्टा चेकजाँच गरिरहेको जनपद प्रहरीलाई छलेर भन्सार छलीको सामान कसरी भित्रिरहेको छ भनी व्यवसायीहरूले प्रश्न गरेका छन् ।

भन्सार छलीका सामान भित्रिनुमा दुवै सुरक्षा निकाय संलग्न रहेको व्यवसायीहरूको आरोप छ। मालसामान भित्रिंदा नजराना र महीनावारी लिएर छोड्ने अनि गोदाममा आइसकेपछि छापामारी गरेर अवैध साबित गर्ने कार्य प्रहरीको द्वैध चरित्र भएको एकजना व्यवसायीले टिप्पणी गरे। उनले सीमामैं तस्करीका सामानलाई कडाइका साथ नियन्त्रण गर्ने हो भने भन्सार छलीका सामान नभित्रिने दाबी गर्छन्। वीरगंजका व्यवसायीहरूले सीमा क्षेत्रबाट हुने राजस्व चुहावट एवं तस्करी बढ्नुमा सशस्त्र र जनपद प्रहरी जिम्मेवार हुनुपर्ने

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**प्रसन्न रहनका लागि अर्काको गुण–दोष नखोज, बढी प्रसन्नता पाउन सबैलाई क्षमा देऊ, अति प्रसन्न रहनु छ भने सबैलाई माया गर ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# पहिले पूर्वाधार तयार गरौं

**पर्सा राष्ट्रिय निकुञ्जमा अहिले पशुपक्षीको चहलपहल बढेको छ। पर्सा राष्ट्रिय निकुञ्ज देशकै कान्छो निकुञ्ज हो र मधेस प्रदेशको एकमात्र। यो निकुञ्ज साबिक पर्सा राष्ट्रिय निकुञ्जलाई विस्तार गरी बाराका केही क्षेत्रफल समावेश गरिएको छ। निकुञ्ज विस्तारसँगै पशुपक्षीको चहलपहल बढे पनि निकुञ्जमा आशाप्रदरूपमा पर्यटन भित्र्याउन भने सकिएको छैन। दुई दशक अघिदेखि निकुञ्ज बन्नु अघि पर्सा वन्यजन्तु आरक्षकै समयमा पर्यटन विकासका लागि खाका कोर्ने कार्यको थालनी भएको हो। आरक्षबाट निकुञ्जमा परिणत भएपनि आवश्यक भौतिक पूर्वाधार निर्माण नहुँदा पर्यटकको सङ्ख्या बढ्न सकेको छैन। आरक्षकै समयदेखि यहाँ पर्यटन विकासका लागि प्रयासहरू भएका थिए। तत्कालीन आरक्ष क्षेत्रमा रहेका बस्तीहरू स्थानान्तरण गरेर सो स्थानमा पर्यटक लक्षित कार्यक्रमहरू गर्ने योजना अघि सारिएको थियो। जति योजनाहरू बनाए पनि सरकारले पर्याप्त लगानी नगरेको र निजी क्षेत्रले विश्वास गर्न नसक्दा अहिलेसम्म यो निकुञ्जमा पर्यटन विस्तार हुन सकेको छैन। पर्यटकहरूलाई आरक्षमा खान, बस्न र घुम्नका लागि उचित व्यवस्थापन नभएका कारण विदेशी पर्यटकहरूको कुरै छाडौं छिमेकी भारत र आन्तरिक पर्यटकहरू एकदमै न्यून सङ्ख्यामा आउँछन्।**

**अन्य देशका पर्यटकका तुलनामा भारतीय पर्यटकहरू ठूलो सङ्ख्यमा नेपाल भित्रिने गर्छन्। उनीहरूको नेपाल बसाइ लामो हुन्छ र सो अनुपातमा खर्च पनि। अङ्ग्रेजी नयाँ वर्ष, क्रिसमस, गर्मी, जाडोयाममा बिदा मनाउन, वैवाहिक कार्यक्रम र अन्य समयमा हुने उत्सवहरूमा उनीहरूको पहिलो गन्तव्य नेपाल हुने गरेको छ। मूल्यको आधारमा पनि नेपाल घुमाइ भारतीयहरूको लागि सस्तो छ। अहिलेसम्म उनीहरूको पहिलो गन्तव्य चितवन राष्ट्रिय निकुञ्जको सौराहा, पर्यटकीय शहर पोखरा रहँदै आएका छन्। पर्सा राष्ट्रिय निकुञ्जको प्रचारप्रसार गर्नुका साथै पर्यटकहरूका लागि खान, बस्न र घुम्न सुविधाजनक व्यवस्था गर्नुपर्छ। सस्तो र राम्रो घुमफिरको व्यवस्था भएपछि पर्यटकहरू आफैं आकर्षित हुन्छन्। पर्सा राष्ट्रिय निकुञ्ज घुमेर जाने पर्यटकहरूबाटै प्रचारप्रसार हुन्छ। त्यसो नहुनुको मुख्य कारण यस निकुञ्जबाट पर्यटकहरूले आशाप्रद सेवा नपाउनु नै हो। निकुञ्जलाई लक्षित गरेर सिमरा, पथलैया र अमलेगंजमा सुविधासम्पन्न होटलहरू बनेका होटल व्यवसायीहरू दाबी गर्छन्। जबकि यस क्षेत्रमा पहिलेदेखि उद्योगी–व्यापारीहरूलाई लक्षित गरेर होटल व्यवसाय सञ्चालित छन्। निकुञ्जमा घुमफिर गरेर पर्यटकहरू बासको लागि पथलैया, सिमरा र अमलेखगंज जान मन पराउँदैनन्। उनीहरूका लागि निकुञ्जभित्रै सबै सुविधा सहज, सरल तरीकाबाट उपलब्ध हुनुपर्छ।**

**पर्साको ठोरी गाउँपालिकामा पर्यटकहरूका लागि बस्ने, खाने र घुम्ने खासै व्यवस्था थिएन तर पनि सो क्षेत्रमा बिस्तारैबिस्तारै पर्यटकहरू जान थालेपछि थोरै मात्रामा भएपनि बस्ने, खाने र केही घुम्ने स्थानहरूको वृद्धि भएको छ। मध्यमवर्गीय भारतीय पर्यटक र पर्सा, बारा, रौतहट, मकवानपुरवासीहरूको लागि पनि ठोरी पहिलो गन्तव्य बन्दै गएको छ। अहिले ठोरी जानका लागि कसैलाई निम्तो दिनुपर्दैन, नयाँ वर्षमा देशका र भारतका पर्यटकहरूको भीड हुन्छ। कुनै पनि उत्सवहरू अहिले त्यहीं गएर मनाउन थालिएको छ।**

# तेस्रो लगानी सम्मेलनः सम्भावना

नेपालमा पहिलो लगानी सम्मेलन २०१७, दोस्रो २०१९ मा सम्पन्न भएको थियो भने तेस्रो यसै वर्ष २०२४ मा सम्पन्न हुँदैछ। विगतका दुवै सम्मेलन उपलब्धिमूलक नभए पनि यसपालिको सम्मेलन भने सफल हुन्छ भन्ने विश्वास लगानी बोर्डले गरेको छ। विगतका असफलताबाट पाठ सिकेर तयारी गरिएकोले यो अपेक्षाकृत सफल रहने विश्वास बोर्डको छ। सरकारले यस सम्मेलनका लागि करीब ९०० बिलियन रुपियाँ लागत अनुमान गरिएको १४२ आयोजना छनोट गरेको छ जसमध्ये २१ वटा आयोजना 'रेडी टु गो' अवस्थामा छ र त्यसमध्ये अधिकांश ऊर्जासँग सम्बन्धित छ। यस सम्मेलनमा निजी क्षेत्रको ३१ आयोजनासमेत समावेश गरिएको छ। बोर्डका अनुसार १३५५ आमन्त्रण पठाइएकोमा ६६२ वटाको स्वीकृति प्राप्त भएको छ जसमा नेपाल र चीनबाट १२४, नेपालबाट १६१ र अन्य ३५ वटा देश रहेका छन्। सरकारले यस सम्मेलनको लागि तयारी गरिरहँदा देशका आर्थिक क्षेत्रका विज्ञहरू भने यसको सफलताप्रति सन्देह प्रकट गर्न थालेका छन्। विश्वको बढ्दो भूराजनीतिक तनाव, नेपालको सुस्त गतिको अर्थतन्त्र र राजनीतिक अस्थिरताको पृष्ठभूमिमा यस्तो सन्देह व्यक्त गर्न थालेको बुझिन्छ। विश्व बैंकले सार्वजनिक गरेको आफ्नो रिपोर्टमा समेत यस वर्ष नेपालको आर्थिक वृद्धि दर ३.६ प्रतिशत मात्र रहने प्रक्षेपण गर्दै यस्तो हुनुको पछाडि नेपालमा छिटोछिटो हुने सरकार परिवर्तनले विगत एक दशकदेखि नै व्यापारमा बाधा पुऱ्याउँदै निजी क्षेत्रको लगानीलाई समेत निरुत्साहित गरेको उल्लेख छ। अस्थिर राजनीतिका कारण पूर्वमा धेरै ठूला आयोजनाहरू राजनैतिक कारणले सरकारपिच्छे निर्णय फेरेर अर्कोलाई दिने गरिएबाट पनि लगानीकर्ता आश्वस्त हुने स्थिति देखिंदैन।

यस सम्मेलनभन्दा पहिले नै वैदेशिक लगानीकर्तालाई प्रोत्साहित गर्न १२ वटा कानूनमा संशोधन गर्ने तयारी गरेको सरकारले गृहमन्त्रीको सहकारी प्रकरणमा संलग्नताबारे छानबीन गर्न संसदीय समिति गठन गर्नुपर्ने दबाब थेग्न नसकेर संशोधन गर्न नभ्याउँदै संसद्को अधिवेशन समाप्त गरेर अब अध्यादेशबाट संशोधन गर्ने तयारी थालेको छ। तर देशमा अहिले जुन तरल राजनैतिक अवस्था छ त्यसमा बजेट अधिवेशनमा यही सरकार रहला र संसद्ले अध्यादेश अनुमोदन गरी नै देला भनेर विश्वास गर्न सकिने अवस्था देखिंदैन। यस्तोमा ठूला–ठूला लगानीकर्ताले यस अवस्थाको उपेक्षा गरेर लगानी गर्लान् भनेर विश्वस्त हुने अवस्था देखिंदैन।



स्वतन्त्र विचार

विनोद गुप्ता

**भारतले १० हजार मेगावाट बिजुली खरीद गर्ने सम्झौता गरेकोले भारतीय लगानीकर्ताहरू त इच्छुक हुने भए, तर चिनियाँ लगानीकर्ताहरूले यसमा रुचि देखाएमा नेपालको टाउको दुःखाइ हुने निश्चित छ किनभने भारतले चिनियाँ लगानी भएको परियोजनाबाट विद्युत् खरीद गर्ने गरेको छैन।**

हाम्रो अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार देखिए पनि आन्तरिक अवस्थामा सुधार छैन र तत्काल सुधार हुने अवस्था पनि देखिंदैन। बजारमा माग घटेका कारण धेरैजसो उद्योग–व्यापार कि बन्द भइसकेका छन् वा बन्द हुने अवस्थामा छन्। देशभित्रै रोजगारको अनुलपब्धताले गर्दा युवाहरूको ठूलो समूह देश बाहिर छ। नेपालको जनगणना अनुसार नेपालमा ६१ प्रतिशत क्रियाशील उमेर समूहका मानिस रहेकोमा ११ प्रतिशत मात्र पूर्ण रोजगारी छन् भने शिक्षाको अव्यवस्थाका कारण सोच र सामर्थ्य हुनेहरू अध्ययनको लागि बाहिरिंदै गर्दाको खर्च एक खर्बभन्दा बढी जाने अनुमान छ। बैंक तथा वित्तीय संस्थाहरूले अनुत्पादक क्षेत्रमा लगानी गरेर कमाएको नाफाका साथै उनीहरूको निक्षेपले लगानी पाउने अवस्था छैन र भएको लगानी खराब कर्जामा जाने डर पनि त्यतिकै छ। अर्थतन्त्रको तेस्रो खम्बा मानिएको सहकारीले मचाएको रँडाकोबारे त कुरा गर्नु नै व्यर्थ छ।

नेपालको अर्थतन्त्रको मुख्य सूचक नै यसको आर्थिक वृद्धिदर हो। पञ्चायतकालदेखि अहिलेसम्मको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत छ जुन नुन र रोटी खानलाई मात्र पर्याप्त छ। यस्तो वृद्धि दरबाट विकास सम्भव हुँदैन। सरकारले १५औं आयोजनामा सरदर ९.६ प्रतिशत र यसको अन्तिम वर्षमा १० प्रतिशत कटाउने लक्ष्य राखे पनि आठौं योजनामा ५.१ निर्धारण गरिएकोमा ४.९ प्रतिशत प्राप्त भएको छ। चालू आर्थिक वर्षमा यो ३.१ दशमलव रहने अनुमान छ।

यस्तै अर्थतन्त्रको अर्को सूचक व्यापार हो। गत वर्ष १६११ अर्बको व्यापार हुँदा रु १४५४ अर्ब व्यापार–घाटा भयो। उच्च मूल्यको वस्तु आयात र निम्न मूल्यको वस्तु निर्यात गर्नुपर्ने कारणले यस्तो अन्तर आएको हो तर शोधनान्तर स्थिति व्यापार घाटाका बावजूद राम्रो देखिनुको पछाडि विप्रेषणको भूमिका हो र यो आन्तरिक सेवा वस्तु बेचेर भित्र्याइएको रकम र सेवा वस्तु लिन बाहिरिएको रकम बीचको अन्तर हो। त्यस्तै अर्को सूचक मुद्रास्फीति हो। मौद्रिक नीतिले ६.५ प्रतिशत रहने अनुमान गरेपनि यो करीब ७.७४ प्रतिशत पुगेको अनुमान गरिएको छ। यसले गर्दा खाद्यान्न तथा अत्यावश्यक उपभोग्य वस्तुको मूल्य आकाशिएकोले न्यून आय समूह ठूलो मारमा परेको छ। त्यस्तै अर्को सूचक सार्वजनिक ऋण हो। आन्तरिक रु ११६९ अर्ब र बाह्य ११४० गरी जम्मा ऋण रु २३८६ अर्ब पुगेको छ जुन कुल गार्हस्थ्य उत्पादनको ४३ प्रतिशत हुन आउँछ। यो प्रतिशत विकसित देशको लागि ठूलो आकार त होइन तर हामीजस्तो सार्वजनिक ऋणको अनुत्पादक क्षेत्रमा प्रयोग गर्ने, बाह्य ऋण समयमा खर्च हुन नसक्ने र व्यवस्थापकीय लागत उच्च हुने देशको लागि खतराकै सूचक हो।

नेपालले आफ्नो १५औं योजनामा रु १० हजार अर्ब खर्च गर्ने, जसमा सरकारको ३९ प्रतिशत र बाँकी सरकार बाहिरको क्षेत्रबाट लगानी गरी गरीबको सङ्ख्या ९.५ प्रतिशतमा झार्ने प्रतिबद्धता थियो, जुन पूरा भएन। यो किन पूरा भएन र लगानी पनि प्रतिबद्धता अनुसार किन भएन भनेर कहिल्यै समीक्षा भएन। किन यसो भएन भनेर विचार गर्दा हाम्रो देशमा बजेट लोकप्रिय बनाउने र राष्ट्र बैंकले मौद्रिक नीति बनाउँदा प्रविधि टेक्ने भएकोले नेपालको वित्तीय एवं मौद्रिक नीति एकअर्काको परिपूरक हुनुको सट्टा विपरीत दिशामा हिंड्ने गरेकोले नै आजको अवस्था आएको मान्न सकिन्छ।

के विदेशी लगानीकर्ताहरूले लगानीको निर्णय लिंदा उल्लिखित आर्थिक सूचकाङ्कको उपेक्षा गरेर निर्णय गर्लान्? त्यसैले यस लगानी सम्मेलनमा भारतले १० हजार मेगावाट खरीद गर्ने सम्झौता गरेकोले भारतीय लगानीकर्ताहरू त इच्छुक हुने भए, तर चिनियाँ लगानीकर्ताहरूले यसमा रुचि देखाएमा नेपालको टाउको दुःखाइ हुने निश्चित छ किनभने भारतले चिनियाँ लगानी भएको परियोजनाबाट विद्युत् खरीद गर्ने गरेको छैन। त्यसैले समग्रमा सरकार र लगानी बोर्ड पनि रेडी टु गोको २१ आयोजनाहरू, जुन अधिकांश ऊर्जा क्षेत्रका छन्, तिनलाई प्राथमिकता दिएर आइस ब्रेक गर्न खोजिरहेको छ। यसमा सरकारलाई सफलता मिलोस् किनभने व्यापार घाटा घटाउने अन्य कुनै उत्पादन हामीसँग, दैलेख–उत्खनन–नतिजा सार्वजनिक नभएसम्मको लागि छैन।

# लोकतन्त्रमा लोकको कल्याण होस्

सम्पूर्ण देशवासीका लागि आजको मङ्गलवार निकै महत्त्वपूर्ण छ। आज नेपालका जनता लोकतन्त्र दिवस मनाइरहेका छन्। दोस्रो जनान्दोलनका रूपमा चर्चित र स्थापित २०६२–६३ को राजनीतिक आन्दोलन सफल भएको दिन हो आज अर्थात् वैशाख ११। यस तिथिमा मनाइने यो दिवस नेपाल र नेपालीका लागि विशेष छ। थुप्रै शहीदको शहादतपछि आम नेपाली माझ आएको यो दिनको महत्त्व हाम्रा लागि भावनात्मक रूपमा विस्तारित छ। यस दिनपछि मात्र नेपालीले स्वयंलाई देशको सम्प्रभु नागरिकका रूपमा स्थापित र परिभाषित गर्ने अवसर प्राप्त गर्न सकेका हुन्। यस दिवसलाई औपचारिकतामा सीमित नराखी कर्तव्यबोध गर्ने दिनका रूपमा सबैले मनन गर्न आवश्यक छ।

लोकतन्त्रको संस्थागत सुदृढीकरणको महाअभियानमा जनता नै शक्तिको सर्वोपरि स्रोत हो भन्ने तथ्यलाई यस दिनले पुष्टि गरेको छ। लोकतन्त्रको विकल्प भन्नु अझै उन्नत लोकतन्त्र भन्ने मान्यताको विकास हुँदै आएको सन्दर्भमा लोकतन्त्र घोषणा गरिएको दिनको विशेष महत्त्व रहेको छ। लोकतन्त्र दिवस मनाइरहँदा यससँग जोडिएर थुप्रै विषय हाम्रासामु आएका छन्। हामीले लोकतन्त्रको विद्यमान अवस्था र चित्रका सन्दर्भमा विश्लेषण गर्नु आवश्यक छ। मूल विषय जनताले अनुभूत गर्ने उपलब्धि (?) र राजनीतिक प्रणालीको संस्थागत विकासको कुरा हो। आम नेपाली जनताको ठूलो सङ्घर्षपछि प्राप्त लोकतन्त्रको विद्यमान अवस्था र चित्रका सन्दर्भमा हामीले गम्भीर वस्तुगत विश्लेषण गर्नु आवश्यक छ।

यस सन्दर्भमा सर्वप्रथम लोकतन्त्रको अर्थ र परिभाषाकै सन्दर्भमा कुरा गरेर नेपाली लोकतन्त्रको विश्लेषण गर्नु जरुरी छ। प्रसिद्ध दार्शनिक एरिस्टोटलले लोकतन्त्रमा धनीभन्दा गरीबहरू बढी शक्तिशाली हुन्छन् किनकि समाजमा गरीबहरूको वर्चस्व हुन्छ भनेर लोकतन्त्रलाई परिभाषित गर्ने प्रयत्न गरेका थिए। यसैगरी प्रसिद्ध विचारक एवं अमेरिकाका पूर्व राष्ट्रपति अब्राहम लिंकनले जनताद्वारा जनताको लागि जनतामार्फत गरिने शासन व्यवस्था नै वास्तविक लोकतन्त्र हो भन्ने भनाइबाट आजको युगमा कोही पनि अनभिज्ञ छैन। लोकतन्त्रबारे अलिकति पनि जानकारी राख्ने बालबालिकादेखि वृद्धवृद्धा लिंकनको उपयुक्त भनाइको स्मरण नगर्ने बिरलै होलान्।



विचार

धर्मेन्द्र झा

**नेपालका राजनीतिक दलले भावी दिनमा आफूलाई जनताबीच स्थापित गर्न अन्तर्व्यवस्थापिका परिषद्ले पारित गरेको घोषणापत्र कार्यान्वयन गर्ने वातावरण निर्माण गर्न लागिपर्नु आवश्यक छ। मूल कुरा हो जनताको जीवनस्तरमा सुधार। यति गर्न सके जनता लोकतन्त्रप्रति थप विश्वस्त हुनेछ।**

यस्तै यस शताब्दीका महान् विचारक नोबेल पुरस्कार विजेता अमर्त्य सेनले लोककल्याणकारी राज्य र सरकारको सन्दर्भमा लोकतन्त्रको महत्त्व प्रस्ट्याउँदै भनेका छन्– समकालीन समाजमा लोकतान्त्रिक मूल्य मान्यता आत्मसात् गरेको सरकारले मात्र जनताका आधारभूत आवश्यकता र चाहनालाई सम्बोधन गर्ने सामर्थ्य राख्दछ। यसै शताब्दीका अर्का महान् विचारक समाजशास्त्री जेम्स माहोनीले व्यक्त गरेको विचार पनि मननीय छ। जेम्सका विचार मननीय मात्र छैन, विश्लेषण गर्ने हो भने उनको विचारलाई आजको लोकतन्त्रको सन्दर्भमा शासनको परीक्षण गर्ने कसीका रूपमा बुझ्न सकिन्छ। उनले भनेका छन्– लोकतन्त्रले सहभागितामूलक शासन व्यवस्थामा विश्वास गर्दछ, पारदर्शिताको वकालत गर्दछ र उत्तरदायित्वलाई सधैंभरि आत्मसात् गर्दछ।

माथिका विभिन्न विचारको आलोकमा विश्लेषण गर्ने हो भने नेपाली लोकतन्त्रको विद्यमान अवस्थाबाट सन्तुष्ट हुन सकिने अवस्था छैन। माथिका सबै विचारले नागरिक र जनतालाई केन्द्रमा राखेको छ। तर नेपाली लोकतन्त्रको अवस्थाको मूल्याङ्कन गर्ने हो भने यहाँ जनता होइन, नेता राजनीतिको केन्द्रमा रहेको पाइन्छ। लोकतन्त्र दिवसको सन्दर्भमा एउटा कुरा स्वीकार गर्नैपर्छ कि नेपाली लोकतन्त्र अझै पनि सुदृढ र संस्थागत हुने दिशामा अगाडि बढ्न सकेको छैन। लोकतन्त्र केवल शासनको स्वरूप मात्र नभएर सामाजिक व्यवस्था, मूल्य–मान्यता र संस्कारसमेत हो भन्ने तथ्यलाई आम नागरिक, राजनीतिक दल एवं सरकारले आत्मसात् नगरेसम्म यस दिन औपचारिकतामा मात्र सीमित हुन जान्छ।

लोकतन्त्रलाई बलियो बनाउने भनेकै सुशासन हो। आमनागरिकलाई सुशासनको प्रत्याभूति दिन सक्दा मात्रै लोकतान्त्रिक शासन व्यवस्था बलियो हुन सक्दछ। मुलुकको आर्थिक समृद्धिको मूल आधारस्तम्भ भनेकै सुशासन हो। सुशासन कायम नहुँदासम्म विकास र समृद्धिले गति लिन नसक्ने मात्र होइन, लोकतन्त्रप्रति जनविश्वास पनि गुम्ने खतरा रहन्छ। लोकतन्त्र धेरै हदसम्म जनतालाई आवश्यक सेवा प्रदान गर्ने सेवा प्रदायक संयन्त्र हो। तर दुःखका साथ भन्नुपर्छ कि नेपाली लोकतन्त्रमा यो चरित्रको विकास गर्न सकेको छैन। विभिन्न नाममा हुने अनियमितता र भ्रष्टाचार नेपाली लोकतन्त्रका प्रमुख चुनौती बनेका छन्। यसैगरी नातावाद

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

यस बैंकको तपसीलका कार्यालयहरूबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँछौं। साथै तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरूलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, पोखरिया, पर्सा ।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ऋणीको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा | २०८० चैत मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जायदा खातुन | ४५३४ | पोखरिया-९ | शरीफ मियाँ तेली | रहमान मियाँ तेली | घरायसी कर्जा | ३००,००० | ३१,०७८।३९ | ३३१,०७८।३९ |
| २ | नागेन्द्र पाण्डे | ४६६३ | छिपहरमाई-५ | देवनारायण पाण्डेय | हंगकार पाण्डेय | सरल कृषि कर्जा | १५५,००० | १७,६२८।१५ | १७२,६२८।१५ |
| ३ | धुरिया साह गोद | ४८२६ | कालिकामाई-२ | लालजी साह गोढ | मन्सी साह गोढ | व्यापार कर्जा | २५०,००० | १५,०२४।६८ | २६५,०२४।६८ |
| ४ | रामचन्द्रप्रसाद साह | ५०७२ | बहुदरमाई-४ | सत्यनारायण साह | खेलावन साह | सरल कृषि कर्जा | २००,००० | १४,९३७।१३ | २१४,९३७।१३ |
| ५ | सञ्जयप्रसाद तेली | ५१५३ | पोखरिया-३ | विश्वनाथप्रसाद तेली | चोकट साह | सरल कृषि कर्जा | ३००,००० | १८,४३६।०८ | ३१८,४३६।०८ |
| ६ | ठग महरा | ५३०८ | पोखरिया-६ | सुबा महरा | दुखराम महरा | व्यापार कर्जा | १६०,००० | ८,१०६।८० | १६८,१०६।८० |
| ७ | पूजा एन्ड गौतम किरानापसल<br>प्रो. सुदर्शन साह कानू | ५३२० | छिपहरमाई-१ | हरिनारायण साह | सीता साह कानू | व्यापार कर्जा | ३००,००० | १५,१४७।०५ | ३१५,१४७।०५ |
| ८ | ज्योति पोल्ट्री फार्म<br>प्रो. सरोज प्रसाद | ५४१५ | धोबिनी-३ | राजकुमार प्रसाद कुर्मी | शङ्कर राउत कुर्मी | पशुपक्षीपालन कर्जा | ५००,००० | २५,९०३।२६ | ५२५,९०३।२६ |
| ९ | तप्सी ट्रेडर्स<br>प्रो. तपसीप्रसाद कुर्मी | ५०६२ | धोबिनी-३ | भुनेश्वर राउत कुर्मी | हनुमान राउत | व्यापार कर्जा | ६००,००० | ५७,२०२।५३ | ६५७,२०२।५३ |
| १० | सुरज एन्ड नीरज माईस्थान भण्डार<br>प्रो. जवाहिर साह कानू | ५५६४ | पोखरिया-४ | ठाकुर साह कानू | सुबदार साह | व्यापार कर्जा | ४५०,००० | ३९,४८०।४६ | ४८९,४८०।४६ |
| ११ | सुशीलादेवी यादव | ५५९३ | पोखरिया-८ | देवनारायण यादव | भुखल राउत अहिर | सरल कृषि कर्जा | ६००,००० | ४५,६७८।६४ | ६४५,६७८।६४ |
| १२ | मनोज किरानापसल एन्ड जनरल स्टोर्स<br>प्रो. उर्मिलादेवी | ५८४१ | पोखरिया-४ | बमबली राम | भुतली रामा | व्यापार कर्जा | ५००,००० | ३६,१५५।९७ | ५३६,१५५।९७ |
| १३ | सदिया कृषि फर्म<br>प्रो. हसमोद्दीन आलम | ५८५१ | पोखरिया-९ | समसुलहक मियाँ | रूदल मियाँ | माछापालन कर्जा | २,८१५,९७८ | ३९०,३०३।९१ | ३,२०६,२८१।९१ |
| १४ | दीपक पशुपालन फार्म<br>प्रो. वीरेन्द्रप्रसाद चौरसिया | ५८५२ | कालिकामाई-१ | सुनरमन राउत बरै | हरि राउत बरै | पशुपक्षीपालन कर्जा | १,५००,००० | २३९,९४७।२८ | १,७३९,९४७।२८ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, सखुवाप्रसौनी (देवरवाना), पर्सा ।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ऋणीको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा | २०८० चैत मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिश्वनाथ प्रसाद चौहान | ३९४७ | जगरनाथपुर-४ | जलेश्वरप्रसाद चौहान | अनुपप्रसाद चौहान | व्यापार कर्जा | ५००,००० | २५,४२६।१७ | ५२५,४२६।१७ |
| २ | देवकीकुमारी राय | ४६९६ | सखुवाप्रसौनी-७ | बृजकिशोरप्रसाद महतो | रामनारायणमहतो थारू | घरायसी कर्जा | १,७००,००० | ६८,१७६।४५ | १,७६८,१७६।४५ |
| ३ | बलिष्टर किरानापसल<br>प्रो. जोगेन्द्रप्रसाद कुर्मी | ४७७६ | पर्सागढी-७ | बाबुलाल राउत कुर्मी | रामध्यान राउत | व्यापार कर्जा | ८००,००० | ५८,१९०।२१ | ८५८,१९०।२१ |

**सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, वीरगंज, पर्सा ।**

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ऋणीको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा | २०८० चैत मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अन्नु किरानापसल<br>प्रो. ध्रुवप्रसाद साह | ११६४९ | लिपनीबिर्ता-६ | छठिया देवी | ज्ञानी साह तेली | व्यापार कर्जा | २,३५०,३०३।४२ | १३२,४०३।६४ | २,४८२,७०७।०६ |
| २ | भोला राउत अहिर | ११६७२ | वीरगंज-२७ | बजडी राउत | दीपा राउत | व्यापार कर्जा | १५०,०००।०० | ९,६९१।३६ | १५९,६९१।३६ |
| ३ | विश्वास इँटा उद्योग<br>प्रो. कैलाशप्रसाद कुम्हार | १२००५ | वीरगंज-१८ | वचन पण्डित | बहादुर पण्डित | उद्योग कर्जा | १०,०००,०००।०० | १,२४१,७४६।८४ | ११,२४१,७४६।८४ |
| ४ | कुशल कन्स्ट्रक्सन<br>प्रो. पुष्पराजप्रसाद कुर्मी | १२७३३ | वीरगंज-१७ | बाबुलाल राउत कुर्मी | दशरथ राउत कुर्मी | सरल ठेक्का कर्जा | ६,०००,०००।०० | ४१२,४५४।५० | ६,४१२,४५४।५० |
| ५ | शिवनाथ ठाकुर | ३३७७ | चोर्नी-७ | सरयुग ठाकुर | रघुनी ठाकुर | घरायसी कर्जा | ५००,०००।०० | २३,९९६।२९ | ५२३,९९६।२९ |
| ६ | शान्तादेवी श्रेष्ठ | ७१०४ | वीरगंज-५ | मङ्गल बहादुर | राम बहादुर | व्यापार कर्जा | ५००,०००।०० | २२,०७७।४१ | ५२२,०७७।४१ |
| ७ | अमर राइस मिल<br>प्रो. अमरप्रसाद कुर्मी | ११३८४ | रामगढवा-२४ | देवानन राउत | हनुमान राउत | उद्योग कर्जा | १,३००,०००।०० | ७५,९६८।९२ | १,३७५,९६८।९२ |
| ८ | सुकदेवप्रसाद यादव | ३९९२ | वीरगंज-३१ | राम चलितर राउत | भिखम राउत अहिर | व्यक्तिगत ओडी | ६००,०००।०० | १६,५७४।८८ | ६१६,५७४।८८ |
| ९ | किशोरीप्रसाद चौधरी | १२९९७ | अलौं-५ | श्रीराउत कुर्मी | जगरनाथ राउत कुर्मी | व्यक्तिगत ओडी | ४००,०००।०० | ३६,५५६।८५ | ४३६,५५६।८५ |
| १० | रिङ्कुदेवी सिंह | १०३०२ | वीरगंज-१५ | परशुराम सिंह | दुर्बल सिंह | घरायसी कर्जा | ५४०,०००।०० | २०,५८९।५८ | ५६०,५८९।५८ |
| ११ | ऋद्धिसिद्धि कन्स्ट्रक्सन<br>प्रो. रामनिवास यादव | ११६६७ | वीरगंज-२३ | धेनुक राउत अहिर | जुठन राउत | सरल ठेक्का कर्जा | १,११५,५६१।८१ | ६९,३११।७० | १,१८४,८७३।५१ |
| १२ | लालबुतीदेवी कुर्मीन | १०८४१ | रामगढवा-२ | हरेन्द्रप्रसाद कुर्मी | कैलाश राउत कुर्मी | घरायसी कर्जा | १५०,०००।०० | ७,३५६।१२ | १५७,३५६।१२ |
| १३ | मनी कन्स्ट्रक्सन<br>प्रो. अयोध्याप्रसाद कुर्मी | १३३३५ | औराहा-७ | कपिलदेवप्रसाद कुर्मी | भोला राउत कुर्मी | सरल ठेक्का कर्जा | ५,०००,०००।०० | ८४०,७३४।४३ | ५,८४०,७३४।४३ |
| १४ | राजन निर्माण सेवा<br>प्रो. जीतेन्द्रकुमार चौहान | ११९४० | बसतपुर-६ | रामशरण महतो | चन्द्रिका महतो चाई | सरल ठेक्का कर्जा | १,५००,०००।०० | १४३,१५८।७९ | १,६४३,१५८।७९ |
| १५ | रामलखन साह कानू | ६०२७ | वीरगंज १५ | रामयाद साह कानू | काम साह | व्यापार कर्जा | २००,०००।०० | १२,९२१।८२ | २१२,९२१।८२ |
| १६ | मुन्द्रिकाप्रसाद साह कानू | ११९७५ | वीरगंज-१८ | सत्यनारायण सा कानू | रामऔतार | व्यक्तिगत ओडी | ३२५,०००।०० | ४८,००८।८० | ३७३,००८।८० |
| १७ | आर.आर. गार्मेन्ट्स<br>प्रो. शिवचन्द्रप्रसाद यादव | १११९४ | वीरगंज-२२ | रघुनाथ राउत | रामलगन राउत | उद्योग कर्जा | २,१७८,३३८।३७ | २४५,६९६।५६ | २,४२४,०३४।९३ |
| १८ | लक्ष्मण राउत अहिर | ११९९२ | पर्सागढी-५ | रुदल राउत अहिर | फागु राउत | व्यक्तिगत ओडी | ३००,०००।०० | १४,९१०।९८ | ३१४,९१०।९८ |
| १९ | अरुणकुमार पुरी | ११९२० | वीरगंज-२० | कपिल पुरी | खुबलाल पुरी | घरायसी कर्जा | १,५००,०००।०० | १८७,४६२।४१ | १,६८७,४६२।४१ |
| २० | वृन्दावन मिठाइपसल<br>प्रो. ताराचन साह गोठ | १२९५७ | वीरगंज-१६ | गोपाल सा गोठ | महादेव सा गोठ | व्यापार कर्जा | ५००,०००।०० | ५४,०२१।३१ | ५५४,०२१।३१ |
| २१ | ओम फुटवेयर इन्डस्ट्रिज<br>प्रो. ओमप्रकाश महतो | १३००२ | वीरगंज-११ | जगरनाथ महतो | झपसी महतो | व्यापार कर्जा | ३,४००,०००।०० | ३४८,२०६।७० | ३,७४८,२०६।७० |
| २२ | नागेश्वर राउत अहिर | १३००९ | पर्सागढी ४ | किसुन राउत अहिर | गुदर राउत अहिर | व्यक्तिगत ओडी | ५००,०००।०० | २४,५८७।९९ | ५२४,५८७।९९ |
| २३ | विवेक मत्स्यपालन उद्योग<br>प्रो. व्यासप्रसाद यादव | १३०२५ | वीरगंज-२२ | जङ्गबहादुर राउत | खुवा राउत | माछापालन कर्जा | २,३००,०००।०० | १९०,०५९।४९ | २,४९०,०५९।४९ |
| २४ | सुरज होटेल<br>प्रो. जग साह | १३०५२ | वीरगंज-२० | भगवान साह कानू | अक्षे साह कानू | व्यापार कर्जा | ८००,०००।०० | ८४,६४४।६३ | ८८४,६४४।६३ |
| २५ | ऋद्धिसिद्धि ट्रेडर्स<br>प्रो. विनोदप्रसाद यादव | १३०८१ | वीरगंज-२३ | कृपानारायण प्र. यादव | दरबारी राउत | व्यापार कर्जा | ५००,०००।०० | १८,३२१।३६ | ५१८,३२१।३६ |
| २६ | राहुल ट्रेडर्स<br>प्रो. प्रमानन्द महतो कोइरी | १३१०३ | विश्रामपुर-२ | बाबुलाल महतो | फौदार महतो | व्यापार कर्जा | ७००,०००।०० | ४०,२४८।७५ | ७४०,२४८।७५ |
| २७ | कन्हैया आइसक्रिम उद्योग<br>प्रो. शम्भु हजरा | १३१०५ | वीरगंज-२३ | धनराज हजरा | मुखलाल हजरा | व्यापार कर्जा | ७००,०००।०० | ३०,०६५।६४ | ७३०,०६५।६४ |
| २८ | एन.वी. सन्स सिलाइ उद्योग<br>प्रो. नुर आलम | १३१२८ | वीरगंज-२ | जलालुद्दीन | मन्सुर आलम | उद्योग कर्जा | १,०००,०००।०० | १११,७७५।०८ | १,१११,७७५।०८ |
| २९ | रामकृष्ण पशुपालन फार्म<br>प्रो. कुमोद यादव | १३१६० | बहदुरमाई-२ | रामप्रसाद यादव | तपेश्वर राउत अहिर | सहुलियतपूर्ण कर्जा | ३,२००,०००।०० | २९०,९५७।९७ | ३,४९०,९५७।९७ |
| ३० | सुरेन्द्र पशुपालन उद्योग<br>प्रो. सुरेन्द्र राउत अहिर | १३१७२ | वीरगंज-२ | रामनाथ यादव | रामचन्द्र राउत | सहुलियतपूर्ण कर्जा | ३,०००,०००।०० | २४१,७९७।३४ | ३,२४१,७९७।३४ |
| ३१ | कृष्ण पशुपालन उद्योग<br>प्रो. अच्छेलालप्रसाद यादव | १३१८९ | बहदुरमाई-२ | भिखारी राउत अहिर | हर्षित राउत अहिर | पशुपक्षीपालन कर्जा | १,०००,०००।०० | ८२,१०१।६४ | १,०८२,१०१।६४ |
| ३२ | शारदा शङ्कर ट्रेडर्स<br>प्रो. अशोककुमार गुप्ता | १३२०४ | वीरगंज-२० | मोहन साह कलवार | रामशङ्कर साह कलवार | व्यापार कर्जा | ४,०००,०००।०० | ३८८,०६१।९१ | ४,३८८,०६१।९१ |

बाँकी चौथो पातामा

## बागलुङमा ३८ वनमा आगलागी

ढोरपाटन (बागलुङ), ११ वैशाख/रासस

बागलुङको बरेङ गाउँपालिका–२ को सल्लेरी सामुदायिक वनमा गत फागुन ९ गते भीषण आगलागी भयो । सो आगलागी गाउँले र प्रहरीको सक्रियतामा दुई दिनपछि नियन्त्रणमा आयो । त्यसभन्दा पहिले जिल्लाको कुनै पनि वनमा आगलागी भएको थिएन ।

त्यसयता गलकोट नगरपालिकाका एक दर्जन वनमा आगो सल्कियो । एक सातापछि उक्त आगो नियन्त्रणमा आयो । त्यसलगत्तै ताराखोला, ढोरपाटन र निसीखोला गाउँपालिकाका दुई दर्जन बढी वनमा आगलागी भइसकेको छ । दिन प्रतिदिन आगलागी हुँदै गएपछि थुप्रै वनजङ्गल रित्तिएका छन् । आगलागीले वन्यजन्तु तितरवितर बनेका छन् ।

आगलागीका कारण हालसम्म मानवीय क्षति भने भएको छैन । करीब एक दर्जन गोठ र पशुचौपाया जलेको डिभिजन वन कार्यालय, बागलुङले जनाएको छ । फागुनदेखि हालसम्म ३८ वटा सामुदायिक वनमा आगलागी भएको डिभिजन वन कार्यालय, बागलुङकी सूचना अधिकारी लक्ष्मी केसीले जानकारी दिइन् ।

उनका अनुसार निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिकामा लागेको आगो अहिले पनि नियन्त्रणबाहिर छ । आगो नियन्त्रणका लागि कर्मचारीसहित स्थानीय खटिएको उनको भनाइ छ । अहिले १५ वटा सामुदायिक वनमा लागेको आगो नियन्त्रण बाहिर रहेको केसीले जानकारी दिए । हालसम्म एक हजार दुई सय हेक्टरभन्दा बढी जङ्गलमा आगलागी भएको उनको भनाइ छ । अधिकारी केसीले भने– "नागरिकको लापरवाहीका कारण धेरै वनमा आगलागी भएको हो, आगलागी हुनबाट रोक्नका लागि हामीले जनचेतनामूलक कार्यक्रम गर्ने र नागरिकलाई सचेत बनाउनका लागि विभिन्न सञ्चारमाध्यमबाट सूचना प्रवाह गरिरहेका छौं, वनमा आगो लगाउने केही व्यक्तिलाई नियन्त्रणमा लिएर कारबाईको प्रक्रिया पनि अगाडि बढाएका छौं, आगोले ठूलो क्षेत्रफलमा फैलिएको वनमा क्षति पुर्‍याएको छ ।" चार दिनदेखि निसीखोला गाउँपालिका–२ मा लागेको आगो अहिले नियन्त्रणमा लिन सकिएको छैन । उपल्लो बेङ्ग्रीदेखि शुरू भएको आगो वडा नं ४ को माझापाख हुँदै बडाचौरको बराह सामुदायिक वनमा फैलिएको छ । हावाहुरीका कारण आगो अझै नियन्त्रणमा ल्याउन नसकेको निसीखोला गाउँपालिका–४ का अध्यक्ष टीकानिधि पौडेलले बताए ।

आगो नियन्त्रणका लागि गाउँले नै लागे पनि असफल भएको उनको भनाइ छ । वडा नं २ को शान्ति सामुदायिक वनबाट शुरू भएको आगो धेरै ठूलो क्षेत्रफलमा फैलिएको अध्यक्ष पौडेल बताउँछन् ।

"खडेरी परेको धेरै लामो समय भयो, अहिलेसम्म पानी पर्न सकेको छैन, आगलागी धेरै ठाउँमा भएको छ, एउटा वनबाट शुरू भएको आगोले अहिलेसम्म एक दर्जन बढी वन सखाप परेको छ, गाउँले नै उठेर अहिलेसम्म घरगोठ जोगाएका छौं, तर वन जोगाउन सकेका छैनौं"–अध्यक्ष पौडेलले भने–"आगो कसले लगाएको हो भन्ने पत्ता लागेको छैन, वर्षा पनि भएको छैन, माटो पनि बल्छ, सयौंको सङ्ख्यामा मान्छे छन्, दिउँसोमा हावाहुरीले गर्दा निभाउन सकिंदैन, राति १ बजेसम्म जनता उठेर नियन्त्रण गर्ने कोशिश गरे पनि अझै सकिएको छैन ।"

आगो नियन्त्रणका लागि गाउँगाउँबाट ठूलो सङ्ख्यामा स्थानीय वनमा पुगे पनि हावाहुरीले गर्दा नियन्त्रण गर्न नसकेको स्थानीय रामबहादुर घर्तीले बताए । शुक्रवार साँझदेखि नै आफूहरू सुरक्षित भएर स्याउलाका भरमा आगो निभाउने प्रयास गरेको उनको भनाइ छ । सडकभन्दा निकै टाढाको वनमा आगलागी हुँदा दमकलसमेत प्रयोग गर्न नसकिएको घर्ती बताउँछन् । गाउँलेहरू रातभर जाग्राम बसेर आगो नियन्त्रणमा लागेको उनले बताए ।

# डाइपर सहज तर अस्वस्थकर

मन्तव्य



कुमार रुपाखेती

**ब्यागमा दुई/चार वटा डाइपर हाल्यो, बच्चा बोक्यो, हिंड्यो, सजिलो छ। कतिपय लापरवाह मातापिता त एकचोटी डाइपर लगाइदिएपछि टाइट छ अथवा कतैबाट चुहिंदै छ भनेर चेकजाँचसमेत गर्दैनन्, जसले बच्चालाई नराम्ररी असर र अप्ठ्यारो महसूस भइरहन्छ।**

आजकल बच्चा जन्मिनेबित्तिकै डाइपर लगाउने गरिन्छ। जन्मपश्चात् कम्तीमा तीन वर्षसम्म अभिभावकहरूले नवजातलाई डाइपर लगाएर सुरक्षित भएको ठान्दछन्। नवजात बच्चाले छिनछिनमा दिसा-पिसाब गर्छ। छिनछिनको दिसा पिसाबले घरीघरी लुगा फेर्नुपर्ने, ओछ्यान भिज्ने, गन्हाउने हुँदा आमाबाबुले बच्चाहरूलाई डाइपर लगाएर झन्झटबाट मुक्त पाएको ठान्दछन्। तर डाइपर लगाएर बच्चा सुरक्षित नभई असुरक्षित बनाइएका प्रमाणहरू फेला पर्न थालेका छन्। बजारमा विभिन्न कम्पनीका थरीथरीका डाइपर उपलब्ध छन् जसमा बच्चाको स्वास्थ्यका लागि हानिकारक केमिकल, रसायन प्रयोग गरिएको हुन्छ। यस्ता बाजारू डाइपरले नवजात शिशुमा किडनीको समस्या, छाला रोगको समस्या निम्त्याउने गर्दछ। झन् टाइट डाइपरले बच्चाहरूमा झर्कने र हावा भित्र-बाहिर नहुनाले गुम्म भई विभिन्न खाले रोग निम्त्याउनुका साथै मलमूत्रको नलीमा समेत समस्या उत्पन्न गर्दछ। बजारमा पाइने सस्ता डाइपरले नवजातको हालत खस्ता गरिरहेको समाचार प्रकाशमा आइरहे पनि आमाबाबुहरूले बेवास्ता गर्दै आइरहेको देखिन्छ। हुनेखाने आमाबाबुले कम्तिमा तीन घण्टामा डाइपर फेरे पनि कतिपयले दिनभरि एउटै डाइपरले काम चलाउने गर्नाले झन् ठूलो समस्या सिर्जना गरेको छ। डाइपर डाइनोसोर बनेको छ।

उहिले-उहिले हाम्रो बेलामा आमाहरूले पुरानो धोती आदि सुतीको सफा लुगा टुक्रा पारेर लङ्गौटी आकारमा बच्चाहरूलाई पहनाइदिन्थे। यस्ता पातलो सुतीको कपडामा हावा आरपार हुने, बच्चाले गुम्म अनुभव नगर्ने, धुनलाई सजिलो हुने गर्दथ्यो। यसको प्रयोग अति उत्तम र सुविधाजनक भएपनि बेफुर्सदिला आमाबाबुको रोजाइ अचेल डाइपर बनेको छ। डाइपरमा मुत्र (पिसाब) सोस्ने प्लास्टिक र केमिकल हुन्छ, जसले गर्दा विषालु कीटाणुको उत्पत्ति हुन्छ। तीन घण्टामा नवजात शिशुले कम्तिमा पाँचपल्ट सुसु गर्छ। अब भन्नुस् केमिकलसहितको फाइबर प्लास्टिकले, घुम्म पारिएको नवजात शिशुको गुप्ताङ्गमा कति ठूलो घातक असर गर्छ होला। छ महीनासम्मको शिशुले आमाको दूध अथवा तरल पदार्थ मात्र सेवन गर्छ। जसले गर्दा उसले छिनछिनमा सुसु र ट्टी गर्छ। यसरी घण्टौं उसका कलिला अङ्गहरू डाइपरको सम्पर्कमा रहन्छ र दूषित डाइपरले प्रभावित भई नानाथरीको सङ्क्रमणको शिकार बन्दछ। तसर्थ डाइपरको प्रयोग गराउने बेफुर्सदी आमाबाबुले नवजात बच्चाको हितका लागि र स्वास्थ्य रक्षाका लागि तथा नवजातको सहजताका लागि सफा सुतीको लङ्गौटी बनाएर लगाइदिनु आवश्यक छ। अचेल त सस्ता र हानिकारक डाइपरसमेत प्रतिगोटा रु ३० मा पर्न आउँछ। ख्याल गरौं।



डाइपर, बानीको साथसाथै फेसन पनि बनेको छ। कामकाजी र मध्यम वर्गको परिवारको रोजाइ नै बनेको छ, डाइपर। डाइपरलाई एकचोटी प्रयोग गरेपछि दोबारा प्रयोग गर्न सकिंदैन किनकि बच्चाको दिसा-पिसाबले यो भरिएको, भिजेको हुन्छ तर यसको तुलनामा सुतीको कपडाको लङ्गोटलाई पटक-पटक धोएर सफा गरेर प्रयोग गर्न सहज हुन्छ। महँगो भएपनि सुविधाका लागि अभिभावकहरूले डाइपर नै रुचाउँछन्। ब्यागमा दुईचारवटा डाइपर हाल्यो, बच्चा बोक्यो, हिंड्यो, सजिलो छ। कतिपय लापरवाह मातापिता त एकचोटी डाइपर लगाइदिएपछि टाइट छ अथवा कतैबाट चुहिंदै छ भनेर चेकजाँचसमेत गर्दैनन्, जसले बच्चालाई नराम्ररी असर र अप्ठ्यारो महसूस भइरहन्छ। उहिले उहिले नवजातलाई पुराना सुतीको धोती र तन्नाले बनेको थाङ्नामा सुताउने खेलाउने, तेल लगाउने गरिन्थ्यो। अचेल यो प्रथासमेत हराएको छ र विभिन्न खाले रेडीमेड ओछ्यानको प्रयोग, गद्दाको प्रयोग गरेको पाइन्छ। तेल मालिस गर्ने, आँखामा गाजल, घरमा बनाएको लिटो खुवाउने चलनसमेत हराएको छ, अचेल त डब्बा-बट्टाको दूध खुवाइन्छ।

डाइपरको बेताहासा प्रयोग र खपतले अहिले बजारमा विभिन्न कम्पनीका डाइपर उपलब्ध छन्। कतिपय स्तरीय छन् भने थुप्रै कमसल र सस्ता। थुप्रै अभिभावकहरू सस्ता र कमसल डाइपर प्रयोगमा ल्याउँछन् र नवजातलाई कष्ट दिन्छन्, अस्वस्थ बनाउँछन्। नेपालमा प्रयोग हुने अधिकांश डाइपर भारत निर्मित छन्, जसको नेपालमा न परीक्षण हुन्छ, न चेक जाँच। भारतमा अहिले बच्चालाई अनिवार्य बनेको डाइपर उद्योग खोल्ने होडबाजी नै चलेको छ। नेपालका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका पुत्र जयवीर देउवाको पनि डाइपरको ठूलै कारोबार छ। यस अधिका माओवादी अर्थमन्त्री जनार्दन शर्माले देउवाको व्यापार सहुलियतका लागि करको दरमा हेरफेर गर्दा उनले ठूलै आलोचना खेप्नुपरेको थियो।

दुई-अढाई वर्षका नानीहरूले डाइपर लगाउन नमान्ने, आनाकानी गर्ने, झगडा गर्ने गरे तापनि ड्याडी-मम्मीले आफ्नो सुविधाको लागि जबरजस्ती बच्चालाई रुवाउँदै डाइपर लगाइदिएको देखिन्छ। तसर्थ बच्चाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने, बच्चाले असुविधा महसूस गर्ने डाइपरको प्रयोग बन्द गरौं। डाइपर युगको अन्त्य गरौं। ड्याडी-मम्मी सचेत बनौं।

## फरक समाचार

# बच्चालाई पखाला लागेमा दूध खुवाउनुहुँदैन

पखाला एउटा सामान्य समस्या हो जुन ब्याक्टेरिया, भाइरल वा परजीवी सङ्क्रमण, दूषित खाना वा पेय पदार्थ तथा औषधिको कारणले हुन सक्छ। बालबालिकामा झाडापखालाको समस्या छ महीनापछि बढ्ने गर्छ। किनभने यो





उमेरमा बालबालिकाको उचित विकासका लागि आमाको दूधसँगै अन्य खानेकुरा खुवाउन पनि सल्लाह दिइन्छ।

झाडापखाला भएपछि शरीरमा पानीको कमी हुन्छ तसर्थ यस्तो बेलामा बच्चाको खानपानमा विशेष ध्यान दिनुपर्ने हुन्छ। बच्चालाई दिनहुँ दूध खुवाउनु हुन्छ भने त्यो पनि केही दिनको लागि बन्द गर्नुपर्छ।

पखाला लागेको बेला बच्चालाई दूध खुवाउनुहुँदैन। दूधमा ल्याक्टोज नामक चिनी हुन्छ, जसलाई पचाउन शरीरलाई ल्याक्टेज नामक इन्जाइम चाहिन्छ। पखाला लाग्दा धेरै मानिसमा ल्याक्टेज उत्पादन घट्छ, जसका कारण ल्याक्टोज राम्ररी पच्दैन र पखालाको समस्या अझ बढ्न सक्छ।

बच्चालाई पखाला लागेको बेला तेलयुक्त र मसलादार खानेकुरा दिनुहुँदैन। यस्ता खानाले पाचन प्रक्रिया बिगार्न सक्छ र पखाला बढाउँछ। बन्दागोभी, काउली र ब्रोकाउलीजस्ता सागपात र हरियो तरकारी स्वस्थकर भए पनि पखालाको बेलामा बच्चालाई खुवाउनुहुँदैन। यस्ता तरकारीमा उच्च मात्रामा फाइबर हुन्छ, जसले पखाला बढाउँछ।

दाल, राजमा, चना आदिमा पनि फाइबरको मात्रा उच्च हुन्छ। साथै यसलाई पचाउन पनि बढी समय लाग्छ, जसका कारण पखाला लागेको बेला यी खानेकुरा हानिकारक हुन सक्छ।

सुन्तला, अङ्गुर र भुइँकटहर जस्ता फलफूलमा उच्च अम्लता हुन्छ, जसले पखालालाई झनै खराब बनाउन सक्छ। केरा अपवाद हो जसलाई पखाला लागेको बेला खुवाउन सकिन्छ किनकि यो पोटाशियमको राम्रो स्रोत हो। चिया, कफी र चीसो पेय पदार्थमा क्याफिन हुन्छ। यसबाट शरीरमा अत्यधिक पानी जम्मा हुन्छ जसले गर्दा पखालालाई झनै गम्भीर बनाउँछ। जङ्क फूड, प्रशोधित खाना र मिठाइलाई पनि बेवास्ता गर्नुपर्छ। यसको सट्टा पखाला लागेको बेलामा बच्चालाई हलुका र सजिलै पच्ने खाना खुवाउनुपर्छ।


# भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. को २१ दिने सूचना

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ऋणीको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा | २०८० चैत मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | घरभर्नीदेवी अहिरिन | १३२११ | जगरनाथपुर-३ | गम्भीरा राउत अहिर | जलेसर राउत अहिर | घरायसी कर्जा | ७००,०००।०० | ६०,८०४।६८ | ७६०,८०४।६८ |
| ३४ | अम्बरी ब्याग तथा रेडिमेड उद्योग प्रो. राजमहम्मद मन्सुरी | १३२२३ | वीरगंज-१३ | महम्जान मियाँ मन्सुरी | सहादत मियाँ | व्यापार कर्जा | ८००,०००।०० | ३६,११४।५६ | ८३६,११४।५६ |
| ३५ | राजकुमार सिंह राजपूत | १३२४५ | वीरगंज-१८ | नवलकिशोर सिंह | सत्यनारायण सिंह | घरायसी कर्जा | ९००,०००।०० | ३३,३६३।१४ | ९३३,३६३।१४ |
| ३६ | राधिका स: तथा फर्निचर उद्योग प्रो. प्रभुप्रसाद यादव | १३२९४ | वीरगंज-३२ | कैलाश राउत अहिर | वृक्षा राउत अहिर | उद्योग कर्जा | १,०००,०००।०० | १२१,५८५।०४ | १,१२१,५८५।०४ |
| ३७ | अनिश मेशिनरी स्टोर प्रो. प्रमोदप्रसाद कुशवाहा | १३२९८ | वीरगंज-१२ | गणपतप्रसाद कोइरी | रामनारायण महतो कोइरी | व्यापार कर्जा | १,४५०,०००।०० | ६३,३२३।२३ | १,५१३,३२३।२३ |
| ३८ | रोहित ट्रेड सप्लायर्स प्रो. शोभादेवी यादव | १३३२३ | वीरगंज-२३ | श्रीनिवासप्रसाद यादव | धेनुक राउत अहिर | व्यापार कर्जा | १३,०३३,७८१।५७ | ८१०,९४१।६३ | १३,८४४,७२३।२० |
| ३९ | वेलनश ट्रेडर्स प्रो. फिरोज अन्सारी | १३३२६ | वीरगंज-८ | सरफुल अन्सारी | साह महमद अन्सारी | व्यापार कर्जा | २,२००,०००।०० | ७३,७७१।४७ | २,२७३,७७१।४७ |
| ४० | ओम हार्डवेयर एन्ड ह्यान्डपम्प सप्लायर्स प्रो. सत्यप्रकाश महतो | १३००२ | वीरगंज | ओमप्रकाश महतो | जगरनाथ महतो | व्यापार कर्जा | ५,८००,०००।०० | १,०६४,२४२।२२ | ६,८६४,२४२।२२ |
| ४१ | रोशन पशुपालन फार्म प्रो. रबडी खातुन | १३३५५ | पर्सागढी-४ | अब्दुरब्ब मियाँ | नथुनी मियाँ | सहुलियतपूर्ण कर्जा | १,५४९,८२२।६१ | १४०,४५५।८३ | १,६९०,२७८।४४ |
| ४२ | स्टार आइरन सप्लायर्स प्रो. बिकी सिंह | १३३५६ | पानीटङ्की-८ | रामजी सिंह | दुर्बल सिंह | व्यापार कर्जा | ३,८००,०००।०० | ३०५,२२६।५७ | ४,१०५,२२६।५७ |
| ४३ | अशोककुमार साह | १२९३० | बहदुरमाई-८ | शिवनन्दन सा कानू | हरिप्रसाद साह कानू | व्यक्तिगत ओडी | २,५००,०००।०० | ४८८,१९५।४० | २,९८८,१९५।४० |
| ४४ | इजहार सप्लायर्स प्रो. उमर बानी खातुन | १३३७७ | वीरगंज-१७ | शेख इजहार | मोजाहिर मियाँ | व्यापार कर्जा | १,८५०,०००।०० | १८३,८८९।४० | २,०३३,८८९।४० |
| ४५ | रूबी खाद्यान्न भण्डार प्रो. द्वारिका साह तेली | १३३८० | महागढीमाई-३ | प्यारे साह | सुदामा साह | व्यापार कर्जा | ८,०००,०००।०० | ६१५,६३२।९७ | ८,६१५,६३२।९७ |
| ४६ | सोनी पोल्ट्री फार्म प्रो. आसमन साह कानू | ११११६० | वीरगंज-१७ | नन्दु सा कानू | नकछेद सा कानू | सहुलियतपूर्ण कर्जा | ५७४,३३३।३५ | २९,०४२।८० | ६०३,३७६।१५ |
| ४७ | साह क्लियरिङ सेवा उद्योग प्रो. परमेश्वर प्रसाद | १२७६९ | वीरगंज-१९ | शङ्कर साह | | व्यक्तिगत ओडी | ३७१,७२८।१३ | १४,५८०।१७ | ३८६,३०८।३० |
| ४८ | विजय फर्निचर उद्योग प्रो. महेन्द्र ठाकुर लोहार | ११११५५ | लालपर्सा-३ | पूर्ण ठाकुर लोहार | लखन ठाकुर | व्यापार कर्जा | ८६८,९६५।५२ | ४४,९११।६४ | ९१३,८७७।१६ |
| ४९ | शम्भुप्रसाद पटेल | ६१९७ | वीरगंज-३१ | नन्दलाल राउत कुर्मी | दरोगा राउत कुर्मी | व्यक्तिगत ओडी | १,०७०,०५७।१० | ९०,६९३।८५ | १,१६०,७५०।९५ |
| ५० | अजयकुमार पण्डित | ११८८६ | वीरगंज-१० | फूलचन्द्र पण्डित | गुदर पण्डित | आवास कर्जा | १,०८०,०००।०० | ९८,३६१।७२ | १,१७८,३६१।७२ |
| ५१ | सञ्जय पशुपालन फार्म प्रो. हरिप्रसाद साह कानू | १२९३० | बहदुरमाई-२ | शिवनन्दन सा कानू | लखन साह कानू | सहुलियतपूर्ण कर्जा | ९००,०००।०० | २२४,६८३।८१ | १,१२४,६८३।८१ |

सम्बन्धित कार्यालयको नाम : शाखा कार्यालय, श्रीपुर, वीरगंज, पर्सा ।

| क्र.सं. | कर्जा ग्राहकको नाम | मिसिल नं. | ठेगाना | ऋणीको पिता/पतिको नाम | बाजेको नाम | उद्देश्य | साँवा | २०८० चैत मसान्तसम्मको ब्याज रकम | जम्मा तिर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जयशङ्करप्रसाद साह कलवार | ११९८९ | पचरुखी-२ | गङ्गाधर साह कलवार | ब्रह्मदेव साह कलवार | व्यक्तिगत ओडी | २००,०००।०० | ९,४४८।४० | २०९,४४८।४० |
| २ | अक्षयलाल राउत अहिर | १२९४९ | विन्ध्यवासिनी गापा | कमल राउत अहिर | गोपाल राउत | व्यक्तिगत ओडी | ३००,०००।०० | १२,९०२।४९ | ३१२,९०२।४९ |
| ३ | श्यामप्रसाद यादव | १५०५४ | मनियारी-८ | जगदेव राउत अहिर | बम राउत अहिर | सरल कृषि कर्जा | १,२००,०००।०० | ४९,१८४।१३ | १,२४९,१८४।१३ |

कृषि विकास बैंक लि., प्रदेश कार्यालय, वीरगंज


# पत्रकार यादवको दुर्घटनामा मृत्यु

जनकपुर, ११ वैशाख/रासस

धनुषामा सडक दुर्घटनामा परी मङ्गलवार एकजना पत्रकारको मृत्यु भएको छ। धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरमा मोटरसाइकल दुर्घटनामा परी २८ वर्षीय पत्रकार विनयकुमार यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ।

आज बिहान आफैंले चलाएको प्रदेश ०२-००६ प ३०३५ नम्बरको मोटरसाइकल ढल्केबर-जनकपुर सडकखण्डमा अनियन्त्रित भई सडकछेउको रेलिङमा ठोक्किएर पत्रकार यादव गम्भीर घाइते भएका थिए। दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको क्रममा जनकपुरस्थित प्रादेशिक अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जन अवालेले जानकारी दिए।

मोटरसाइकलको पछाडि सवार रहेका यादवका छिमेकी लक्ष्मीनारायण यादव घाइते भएको र निजको उपचार सोही अस्पतालमा भइरहेको बताइएको छ। धनुषाधाम नगरपालिका वडा नं ५ का स्थानीय बासिन्दा रहेका मृतक पत्रकार रेडियो धनुषाधामका सञ्चालक तथा ई-न्यूज ब्युरोका कार्यकारी सम्पादक थिए।

# २७ सयले घट्यो सुनको मूल्य

काठमाडौं, ११ वैशाख/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्यमा आज गिरावट भएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन तोलामा नै रु दुई हजार सात सयले ओरालो लागेको छ।

सोमवार तोलामा रु एक लाख ३८ हजार दुई सयमा कारोवार भएको छापावाला सुन आजका लागि भने रु एक लाख ३५ हजार पाँच सयमा निर्धारण

(बाँकी अन्तिम पातामा)


# अन्तर्राष्ट्रिय समाचार

## नासाको भोएजरद्वारा पृथ्वीमा अद्यावधिक पठाउन पुनः शुरू

लस एन्जल्स, ११ वैशाख/सिन्हवा

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले नोभेम्बरपछि पहिलोपटक भोएजर–१ अन्तरिक्ष यानले आफ्नो जहाजको इन्जिनीयरिङ प्रणालीको स्वास्थ्य र स्थितिको बारेमा प्रयोगयोग्य डाटा फिर्ता गरिरहेको जनाएको छ। भोएजर–१ ले ४५ वर्षभन्दा बढी समयदेखि हाम्रो सौर्यमण्डलको अन्वेषण गरिरहेको छ।

'प्रोब' र यसको जुम्ल्याहा भ्वायजर–२ ताराहरूबीच अन्तरिक्षमा उड्ने एकमात्र अन्तरिक्ष यान हो। स्पेस प्रोबले वैज्ञानिकलाई सौर्यमण्डलको बारेमा जानकारी प्राप्त गर्न मदत गर्छ। नासाका अनुसार अर्को चरण भनेको अन्तरिक्ष यानलाई पुनः विज्ञान डेटा फर्काउन शुरू गर्न सक्षम गर्नु हो।




भोएजर–१ ले गत वर्ष नोभेम्बर १४ मा पृथ्वीमा पठनयोग्य विज्ञान र इन्जिनीयरिङ डेटा पठाउन रोकेको थियो। यद्यपि मिशन नियन्त्रकहरूले अन्तरिक्ष यानले अझै पनि तिनीहरूको आदेशहरू प्राप्त गरिरहेको र सामान्यरूपमा सञ्चालन गरिरहेको बताएका छन्।

मार्चमा दक्षिणी क्यालिफोर्नियामा नासाको जेट प्रोपल्सन प्रयोगशालामा भोएजर इन्जिनीयरिङ टोलीले अन्तरिक्ष यानका तीनवटा अनबोर्ड कम्प्युटरमध्ये एउटासँग जोडिएको पुष्टि गरेको थियो। यो पृथ्वीमा पठाउनुअघि विज्ञान र इन्जिनीयरिङ डेटा प्याकेजिङका लागि जिम्मेवार रहेको बताइएको छ।

करीब ४६ वर्ष पहिले प्रक्षेपण गरिएको जुम्ल्याहा भोएजर अन्तरिक्ष यान इतिहासमा सबैभन्दा लामो र सबैभन्दा टाढाको अन्तरिक्ष यान हो।

भोएजर इन्टरस्टेलरको उद्देश्य भनेको सौर्यमण्डलको नासा अन्वेषणलाई बाहिरी ग्रहहरूको छेउछाउभन्दा बाहिरको सूर्यको प्रभावको क्षेत्रको बाहिरी सीमासम्म विस्तार गर्नु हो।

तिनीहरूको इन्टरस्टेलर अन्वेषण शुरू हुनुअघि दुवै प्रोब शनि र बृहस्पतिबाट उडेका र भोएजर–२ युरेनस र नेप्च्युनबाट उडेका थिए। रासस

## चीनमा पुलमा पानीजहाज ठोकिएपछि चारजना बेपत्ता

गुआङझोउ (चीन), ११ वैशाख/सिन्हवा

दक्षिण चीनको गुआङडोङ प्रान्तको फोसान शहरमा सोमवार राति एउटा जहाज पुलमा ठोकिंदा चारजना बेपत्ता भएको शहरको आपत्कालीन व्यवस्थापन विभागले बताएको छ।

चालक दलका ११ सदस्य सवार जहाज जिउजियाङ पुलको घाटमा ठोकिएर पछि डुबेको थियो।

विभागका अनुसार तीमध्ये सातजनाको उद्धार गरिएको छ र चारजना बेपत्ता छन्।

स्थानीय समयानुसार मङ्गलवार बिहान छ बजेसम्म बेपत्ताहरूको खोजीका लागि तीन सयभन्दा धेरै प्रहरी अधिकारी र समुद्री उद्धार टोली पठाइएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

विशेषज्ञहरूले तुरुन्तै पुलको प्रारम्भिक मूल्याङ्कन गरेर मुख्य संरचनामा कुनै स्पष्ट क्षति नभेटिएको जनाएका छन्। नजीकैको जल क्षेत्रमा ट्राफिक नियन्त्रण लागू गरिएको छ।

**मलेशियामा सैन्य हेलिकप्टर दुर्घटना**

क्वालालम्पुर/सिन्हवा

मलेशियाको पेराक राज्यमा मङ्गलवार बिहान मलेशियाली सेनाको दुई वटा हेलिकप्टर आकाशमा ठोकिंदा १० जनाको मृत्यु भएको छ।

फ्लाइपास्ट रिहर्सलका क्रममा हेलिकप्टरहरू लुमुट रोयल मलेशियन नेवी बेसमा ठोकिएर दुर्घटना भएको रोयल मलेशियन नेवीले विज्ञप्तिमा उल्लेख गरेको छ। दुर्घटनाग्रस्त एउटा हेलिकप्टरमा सात, अर्कोमा तीनजना सवार थिए।

"सबैको घटनास्थलमैं मृत्यु भएको र पहिचानका लागि शवलाई लुमुट आधार अस्पताल लगिएको छ"– विज्ञप्तिमा भनिएको छ–"पीडितहरूको भिडियो र फोटोहरू नफैलाउन आग्रह गरिएको छ।" रासस

## जलवायु र मौसमी प्रकोपबाट एशिया सबैभन्दा बढी प्रभावित

जेनेभा, ११ वैशाख/एएफपी/रासस

सन् २०२३ मा जलवायु र मौसमी खतराबाट एशिया विश्वको सबैभन्दा धेरै प्रकोप प्रभावित क्षेत्र भएको संयुक्त राष्ट्रसङ्घले मङ्गलवार बताएको छ। एशियामा बाढी र आँधी मानवीय र आर्थिक क्षतिको प्रमुख कारण भएको बताइएको छ।

गत वर्ष विश्वव्यापी तापक्रम कीर्तिमान उचाइमा पुगेको छ। राष्ट्रसङ्घको मौसम तथा जलवायु एजेन्सीले एशियामा विशेषरूपमा तीव्र गतिमा तापक्रम बढिरहेको बताएको छ। विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ) ले एशियामा गर्मीको लहरको प्रभाव अझ गम्भीर हुँदै र पग्लिँदै गरेको हिमनदीबाट एशियाको भविष्यको जल सुरक्षामा खतरा उत्पन्न भएको बताएको छ।

गत वर्षको तापक्रम सन् १९६१ देखि सन् १९९० को औसतभन्दा करीब दुई प्रतिशतले बढी भएको भन्दै डब्ल्युएमओले एशियामा विश्वव्यापी औसतको तुलनामा तीव्ररूपमा तापक्रम बढिरहेको बताएको छ।

"प्रतिवेदनको निष्कर्ष गम्भीर छ, यस क्षेत्रका धेरै मुलुकले सन् २०२३ लाई आफ्नो सबैभन्दा तातो वर्षको अनुभव गरेका छन् भने खडेरी र गर्मीको लहरदेखि बाढी र आँधीसम्मको चरम स्थितिको सामना गरेका छन्"– डब्ल्युएमओका प्रमुख सेलेस्टे साउलोले एक विज्ञप्तिमा भने–"जलवायु परिवर्तनले यस्ता घटनाको आवृत्ति र गम्भीरता बढाएको छ, यसले समाज, अर्थतन्त्र र सबैभन्दा महत्त्वपूर्णरूपमा मानव जीवन र हामी बस्ने वातावरणमाथि गहिरो प्रभाव पारेको छ।"

एशियामा जलवायुको अवस्था २०२३ को प्रतिवेदनमा यस क्षेत्रको समाज, अर्थतन्त्र र पारिस्थितिकीय प्रणालीका लागि गम्भीर प्रभाव पार्ने सतहको तापक्रम, पग्लिंदै गरेको हिमनदी र समुद्रको स्तरमा वृद्धि जस्ता प्रमुख जलवायु परिवर्तनका सूचकहरूको तीव्र गतिमाथि प्रकाश पारिएको छ।

"सन् २०२३ मा एशिया मौसम, जलवायु र पानीसम्बन्धी खतराबाट विश्वको सबैभन्दा बढी प्रकोप प्रभावित क्षेत्र बनेको छ"–डब्ल्युएमओले भनेको छ। सन् २०२३ मा एशियामा सतह निकट वार्षिक औसत तापक्रम, रेकर्डमा दोस्रो सबैभन्दा धेरै थियो। यो सन् १९९१–२०२० को औसतभन्दा ०.९१ डिग्री सेल्सियसले र सन् १९६१–१९९० को औसतभन्दा १.८७ डिग्री सेल्सियसले अधिक थियो।

पश्चिमी साइबेरियादेखि मध्य एशिया र पूर्वी चीनदेखि जापानसम्म विशेषरूपमा उच्च औसत तापक्रम रेकर्ड गरिएको र जापानमा अहिलेसम्मकै सबैभन्दा गर्मी रेकर्ड गरिएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै हिमालय तथा पाकिस्तान र अफगानिस्तानको हिन्दुकुश पर्वत शृङ्खलामा वर्षा सामान्यभन्दा कम भएको थियो।

यसैबीच गत वर्ष दक्षिण पश्चिम चीनले खडेरीको सामना गर्नुपर्‍यो। वर्षको करीब प्रत्येक महीना यहाँ वर्षाको स्तर सामान्यभन्दा कम रह्यो। तिब्बती पठारमा केन्द्रित हाइ–माउन्टेन एशिया क्षेत्र अर्थात् ध्रुवीय क्षेत्रबाहिर बरफको सबैभन्दा ठूलो मात्रा विद्यमान छ।

पछिल्लो धेरै दशकमा यीमध्ये अधिकांशमा हिमनदीहरू पछि हट्दै गएको र यसको गति पनि तीव्र भइरहेको छ भन्दै डब्ल्युएमओले यस क्षेत्रका निरीक्षण गरिएका २२ वटा हिमनदीमध्ये २० वटामा गत वर्ष लगातार सामूहिकरूपमा क्षति भइरहेको जनाएको छ।

सन् २०२३ मा उत्तरपश्चिम प्रशान्त महासागरमा समुद्रको सतहको तापक्रम रेकर्डमा सबैभन्दा धेरै रहेको प्रतिवेदनमा बताइएको छ।

गत वर्ष एशियामा पानीसम्बन्धी मौसमी जोखिमसँग सम्बन्धित ७९ प्रकोप रेकर्ड गरिएका छन्। तीमध्ये ८० प्रतिशतभन्दा धेरै बाढी र आँधी थिए। यसबाट दुई हजारभन्दा धेरैको मृत्यु र ९० लाख मानिस प्रत्यक्षरूपमा प्रभावित भएका छन्।

प्राकृतिक प्रकोपका घटनाहरूमा एशियाको संवेदनशीलतालाई लगातार उच्च जोखिममा राख्दै डब्ल्युएमओले भनेको छ–"सन् २०२३ मा रिपोर्ट गरिएका घटनाहरूमा मृत्युको प्रमुख कारण बाढी थियो।"

हङकङमा सेप्टेम्बर ७ मा एक घण्टामा १५८.१ मिलिमिटर वर्षा रेकर्ड गरियो। आँधीको परिणामस्वरूप सन् १८८४ मा रेकर्डहरू राख्न शुरू भएयता यो सबैभन्दा उच्च थियो।

डब्ल्युएमओले विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका अधिकारीहरूलाई अनुकूल जानकारी सुधार गर्न यस क्षेत्रभर राष्ट्रिय मौसम सेवाहरूको तत्काल आवश्यकता रहेको बताएको छ।

"हाम्रो कार्य र रणनीतिले यो आवश्यकता प्रतिविम्बित गर्न आवश्यक छ"–प्रमुख साउलोले भने–"हरित गृह ग्याँस उत्सर्जन घटाउनु र विकसित जलवायु अनुकूलन बनाउनुको विकल्प छैन तर यो आधारभूत आवश्यकता हो।"



सोमवार साँझ पर्साको बर्वा गाउँको पश्चिमतिर एउटा घरमा आगलागी हुँदा गाउँलेहरूको सक्रियतामा आगलागी नियन्त्रणमा लिइएको थियो। सखुवाप्रसौनी गाउँपालिकाको वारुणयन्त्र समयमैं आई आगो निभाएको थियो। तस्वीरः नितेश कर्ण

## घरदैलो कार्यक्रम

प्रमोद यादव, पंचगावाँ, ११ वैशाख/

पटेर्वासुगौली गाउँपालिका–४ टोल भतौडास्थित वनदेवी आधारभूत विद्यालयले सोमवार विद्यार्थी भर्ना अभियान अन्तर्गत घरदैलो कार्यक्रम गरेको छ।

'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता' नाराका साथ नयाँ शैक्षिकसत्र २०८१ को लागि विद्यार्थी भर्ना अभियानमा प्रअ सुभाषप्रसाद दास र



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दीपनारायण महतो, वडा सदस्य शिवशङ्कर यादव, शिक्षिका सुस्मिता चौधरीलगायतले भतौडा टोलका घरघरमा पुगेर घरदैलो कार्यक्रम गरेका थिए।

घरदैलो कार्यक्रम अन्तर्गत ३५ जना बालबालिकालाई भर्ना गरिएको थियो।

### लोकतन्त्रमा ...

र कृपावाद अर्काथरी धमिरा बनेका छन्। जबकि यी विसङ्गतिहरूको लोकतन्त्रसँग कुनै साइनो हुँदैन।

यस्तै विसङ्गतिहरूबाट समाजलाई मुक्त पारी जनतालाई सहजरूपमा आवश्यक सेवा प्रदान गर्ने प्रक्रियालाई चुस्त बनाउनु लोकतन्त्रको महत्त्वपूर्ण गुण हो, जुन आजको सन्दर्भमा चुनौतीको रूपमा उपस्थित छ। तर, विडम्बना नै भन्नुपर्छ, लोकतन्त्र, यी गुणयुक्त बनाउनुभन्दा स्वार्थपूर्ति गर्ने संयन्त्रका रूपमा प्रयोग भइरहेको छ। यो अवस्थाले गर्दा लोकतन्त्र विरोधीहरूले लोकतन्त्र नै अफाप भयो भन्ने प्रचार गर्ने अवसर पनि पाइरहेका छन्। लोकतन्त्रका पक्षपातीहरू यी विषयमा गम्भीर हुन नसक्दा लोकतन्त्र विरोधीहरूका लागि यो स्थिति अनुकूल हुने खतरा बढेको कुरालाई अस्वीकार गर्न सकिंदैन। यो समस्या आजको सन्दर्भमा नेपालको मात्र नहुन सक्छ। कुनै न कुनै रूपमा विश्वमैं यसबारे बहस चलिरहेको छ। अन्तर्व्यवस्थापिका परिषद्ले यस विषयमा चासो राख्ने गरेको छ र लोकतन्त्रलाई जनताको जिम्मेवार शासन प्रणालीका रूपमा विकसित गर्ने प्रयत्न थालेको छ।

लोकतन्त्रको विकल्प भनेको पनि निरन्तर लोकतान्त्रीकरण मात्र हो। लोकतन्त्रका मूल्य पद्धतिलाई परिष्कृत गर्दै मानव चाहनाको उच्चतम सम्बोधनमार्फत प्रणालीगत सुधारमा चिन्तन–प्रवाह जारी छ। यसै क्रममा लोकतन्त्रले सामाजिक जीवनमा पारेको अद्भूत प्रभावले गर्दा अन्तर्व्यवस्थापिका परिषद्ले लोकतन्त्रलाई अन्तर्राष्ट्रियस्तरमा स्वीकार्य संस्थाको रूपमा अङ्गीकार गरेको छ। अन्तर्व्यवस्थापिका परिषद् सन् १८८९ मा स्थापित भएको विश्वका १५४ वटा सार्वभौम राष्ट्रका व्यवस्थापिकाहरू र आठ क्षेत्रीय संसद्हरूको साझा सङ्गठन हो। नेपाल यसको सदस्य राष्ट्र हो। यसको केन्द्रीय कार्यालय जेनेभा, स्वीट्जरल्यान्डमा छ। यो संयुक्त राष्ट्र सङ्घको शान्तिको लक्ष्य प्राप्त गर्न सहयोग पुर्‍याउने विश्वको साझा राजनीतिक सङ्गठन हो।

इजिप्टको कायरोमा बसेको परिषद्को १६१ औं सभाले सन् १९९७ मा लोकतन्त्रको विश्वव्यापी घोषणापत्र स्वीकार गर्दै पारित गरेको थियो। कायरोमा उपस्थित परिषद्का १३७ राष्ट्रले यो घोषणापत्र पारित गरेका थिए। त्यसैले लोकतन्त्रको यो विश्व घोषणापत्र संयुक्त राष्ट्र सङ्घका सदस्यहरूका लागि आवश्यक तथा राज्य सञ्चालनका लगि निर्देशक सिद्धान्त बन्न पुगेको छ। लोकतन्त्रको विश्वव्यापी घोषणापत्रप्रति नेपालको पूर्ण प्रतिबद्धता छ। यो प्रतिबद्धतामा आँच आएमा नेपालको लोकतान्त्रिक छविमाथि चुनौती थपिने छ। यो घोषणापत्रमा हस्ताक्षर गर्ने नेपाली प्रतिनिधिमण्डलका नेता वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल थिए, जो त्यसबेला प्रतिनिधिसभाको सभामुख थिए। उनलाई यस कुराको स्मरण हुनैपर्छ। सभामुखका हैसियतले सभामा सहभागी भई हस्ताक्षर गरेका पौडेल यतिखेर नेपालको राष्ट्रपति छन्। आशा गरौं, उनको कार्यकालमा नेपाली लोकतन्त्र थप जिम्मेवार, उत्तरदायी र सुदृढ हुनेछ।

तर यति हुँदाहुँदै पनि एउटा कुरा भने सोचनीय छ, यति महत्त्वपूर्ण दस्तावेजप्रति आम नेपालीको त्यति धेरै चासो र अध्ययनमा रुचि छैन। नेपालका राजनीतिक दलले भावी दिनमा आफूलाई जनताबीच स्थापित गर्न अन्तर्व्यवस्थापिका परिषद्ले पारित गरेको घोषणापत्र कार्यान्वयन गर्ने वातावरण निर्माण गर्न लागिपर्नु आवश्यक छ। मूल कुरा हो जनताको जीवनस्तरमा सुधार। यति कुरा गर्न सकिए नेपाली जनता लोकतन्त्रप्रति थप विश्वस्त हुनेछ। लोकतन्त्रप्रति आम जनताको अपनत्व आवश्यक छ। लोकतन्त्रमा लोकको कल्याण होस्।

–लेखक राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष हुन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुपराजय |
| मिथुन – सुसमाचार | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – अतिथिआगमन |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – यात्रालाभ | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### वीरगंज महानगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



हनुमान जयन्तीको अवसरमा वीरगंज–६ महावीर मन्दिरमा यस वर्ष पनि आरती र प्रसाद वितरण कार्यक्रम भव्यरूपमा सम्पन्न भएको छ। गत वर्षदेखि हनुमान जयन्तीको अवसरमा महावीर मन्दिरमा आरती र प्रसाद वितरण कार्यक्रम शुरू गरिएको हो। हनुमान जयन्तीको अवसरमा महावीर मन्दिर समिति, साप्ताहिक सुन्दरकाण्ड प्रचार समिति, साप्ताहिक हनुमान चालिसा पाठ समिति, श्याम नवयुवक मण्डल, मारवाडी महिला मञ्च र राणीसती ज्योति मण्डलको संयुक्त आयोजनामा आरती र प्रसाद वितरण कार्यक्रम सम्पन्न भएको हो। आरतीमा वीरगंजवासीको भव्य सहभागिता थियो। वडाध्यक्ष जयप्रकाश शाहले सबैको सहयोग र सहकार्यमा हनुमान जयन्तीको अवसरमा यस वर्ष पनि आरती र प्रसाद वितरण कार्यक्रम भव्य र सभ्यरूपमा सम्पन्न भएको बताए। उनले यो कार्यलाई निरन्तरता दिइने बताए। तस्वीरः प्रतीक

# खेलकूदको संसार

## प्रकाश दाहाल स्मृति भलिबल प्रतियोगिता हुने

पाटन (ललितपुर), ११ वैशाख/रासस

प्रज्ञा–स्मृति प्रतिष्ठानको आयोजनामा ललितपुरको महाकाल गाउँपालिकामा यही वैशाख २२ देखि २५ गतेसम्म प्रकाश दाहाल स्मृति बाग्मती प्रदेशस्तरीय अन्तरपालिका भलिबल प्रतियोगिता हुने भएको छ।

प्रतिष्ठानले ललितपुर जिल्ला खेलकूद विकास समितिमा मङ्गलवार पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारीका साथै सहभागी टीमहरू, पुरस्कार राशि तथा लागत खर्चसमेतको विषयमा जानकारी गराइएको हो।

प्रतियोगिता संयोजक डोल्मा माया गोलेले प्रतियोगिता भव्यरूपमा सम्पन्न गर्नका लागि जिल्ला, पालिका र वडा तहमा विभिन्न समितिहरू गठन गरिएको जानकारी गराइन्। "समितिहरूले द्रुत गतिमा तयारीका कार्य गरिरहेका छन्। प्रतियोगितामा प्रदेशभरका ११९ पालिकामध्ये ५० पालिकाबाट सहभागिता रहने अपेक्षा गरिएको छ। सबै पालिकामा पत्राचार गरिसकिएको छ। यस प्रतियोगिताका कारण नेपालमा भलिबले खेलको विकासमा सहयोगी हुने अपेक्षा गरिएको छ," संयोजक गोलेले भनिन्।

कुल पुरस्कार राशि रु १२ लाख रहेको प्रतियोगिताको विजेतालाई रु तीन लाख, उपविजेतालाई रु दुई लाख तथा तृतीय हुने रु दुई टीमलाई रु एक/एक लाख प्रदान गरिनेछ। साथै उत्कृष्ट प्रशिक्षक तथा खेलाडी पाँचजनालाई जनही रु ५० हजार पुरस्कार रहेको छ।

प्रतियोगिताको सहआयोजक ललितपुर जिल्ला खेलकूद विकास समिति रहेको जानकारी गराउँदै उनले प्रतियोगितामा राष्ट्रिय खेलकूद परिषद् र बाग्मती प्रदेश खेलकूद विकास परिषद्को सहयोग रहेको बताइन्। यसैगरी, नेपाल भलिबल सङ्घको प्राविधिक सहयोग रहेको बताइन्।

प्रज्ञा–स्मृति प्रतिष्ठानका सदस्य तथा प्रधानमन्त्रीका निजी सचिवालय सदस्य शान्ताकुमार दराईले युवामा स्वास्थ्यसम्बन्धी चेतना फैलाउने उद्देश्यका साथ स्थापित प्रतिष्ठानले खेलकूदलगायतका कार्यक्रम गर्दै आएको जानकारी गराए।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डका छोरा प्रकाश दाहाल र छोरी ज्ञानु दाहालको स्मृतिमा प्रज्ञा स्मृति प्रतिष्ठान स्थापना गरिएको हो। प्रतिष्ठानले आफ्नो स्थापनाकालदेखि नै खेलकूदलगायतका विभिन्न सामाजिक काम तथा कार्यक्रम गर्दै आइरहेको उनले जानकारी गराए।

प्रतियोगिताका सम्पूर्ण खेल ललितपुर महाकाल गाउँपालिकास्थित महाकाल माविको प्राङ्गणमा हुने जानकारी गराइएको छ। प्रतियोगिता प्रधानमन्त्री प्रचण्डले उद्घाटन गर्ने कार्यक्रम तय भएको जानकारी गराइएको छ।

नेकपा (माओवादी केन्द्र) ललितपुरका इन्चार्ज हरि दाहालले प्रतियोगिता सफल पार्नका लागि पार्टीका स्थानीय कमिटीलाई समेत परिचालन गरिएको बताए। "हामीले बाग्मती प्रदेशभित्रका स्थानीय खेलाडीलाई प्राथमिकता दिएर खेल सञ्चालन गर्न लागेका हौं। यसमा विभागीय टीमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीलाई सहभागी गराइनेछैन। टीम दर्ताका लागि पालिकाको सिफारिशमा नाम उल्लेख हुनु अनिवार्य छ," दाहालले भने।

प्रतियोगिताका कारण दक्षिणी भेगमा रहेका स्थानको व्यापकरूपमा प्रचारप्रसार हुने अपेक्षा गरिएको छ। यस क्षेत्रका महाकाल, कोन्ज्योसोम र बाग्मती गाउँपालिकामा रहेका धार्मिक, प्राकृतिक तथा ऐतिहासिक क्षेत्रहरूमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा वृद्धि हुने आयोजकले विश्वास गरेको छ।


## बालमैत्री वातावरण बनाऔं

**बालबालिकालाई**:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा–आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरीका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## १२७ जना चालकलाई कारबाई

प्रस, वीरगंज, ११ वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले सोमवार नियमविपरीत सञ्चालन भएका १२७ वटा सवारीसाधनका चालकलाई कारबाई गरी रु एक लाख २१ हजार जरिवाना असुल गरेको छ।

ट्राफिक व्यवस्थापनका लागि सञ्चालित विशेष अभियान अन्तर्गत यातायात व्यवस्था कार्यालय, बाराका कर्मचारीहरूको सहभागितामा बाराका विभिन्न स्थानहरूमा ट्राफिक नियमविपरीत सञ्चालित १२७ जना चालकलाई कारबाई गरी सो परिमाणमा राजस्व सङ्कलन गरिएको जिप्रका, बाराले जनाएको छ।

## पिपरामा शव बरामद

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंज–१४ चिनीमिलअगाडि स्वास्थ्य कार्यालयको उत्तरपट्टि रहेको पोखरीको छेउको नालामा शव बरामद भएको छ।

मङ्गलवार साँझ ५ बजे शव पानीमाथि तैरिरहेको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए। करीब ४५ वर्षीय पुरुषको शव भेटिएको र अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### कहाँबाट आउँछ.......

ध्यानाकर्षण गराएका छन्।

खुला सीमाबाट भन्सार छलीका सामान भित्रिन नदिन नेपाल सरकारले आयातित भारतीय सामानमा भन्सार महसूल दरलाई सन्तुलनमा राख्ने राजस्व नीति जबसम्म ल्याउँदैन, तबसम्म तस्करी नियन्त्रण गर्न नसकिने वीरगंज उद्योग




वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले बताए।

यस विषयमा जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले खुला सिमाना भएको कारण शतप्रतिशत तस्करी नियन्त्रण गर्न असम्भव रहेको बताउँदै पैदल, साइकल, मोटरसाइकल एवं दैनिक उपभोग्य वस्तु भनेर पनि थोरै परिमाणमा दैनिक चार/पाँच पटकसम्म सामान ओहोरदोहोर गर्दा व्यवसायीको गोदाममा ठूलो परिमाणमा अवैध मालसामान थुप्रिने गरेको बताए।

## जीराभवानीमा नेकाको कार्यकर्ता प्रशिक्षण

प्रस, वीरगंज, ११ वैशाख/

जीराभवानी गाउँपालिका–३ मा नेपाली काङ्ग्रेस, पर्साले अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

मङ्गलवार आयोजित प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै नेका पर्साका सभापति जनार्दनसिंह क्षत्रीले पार्टी सङ्गठन सुदृढीकरणका निम्ति अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम आयोजना गरिएको र यसले कार्यकर्ताको हौसला बढाउने बताए। उनले देशमा कम्युनिस्ट सरकारको दम्भले सर्वसाधारणमा नैराश्यता छाएको लगाए। उनले पर्साका गाउँगाउँमा प्रशिक्षण कार्यक्रम आयोजना गर्ने र नेकालाई मजबूत बनाउने दाबी गरे।




कार्यक्रमका अध्यक्ष नेका, पर्साका उपसभापति एवं प्रशिक्षण शाखाका प्रमुख रामनारायण कुर्मीले जिल्लाका सबै कार्यकर्ता एक भएर अगाडि बढेमा नेका अझ बढी शक्तिशाली हुने बताए। उनले प्रशिक्षणप्राप्त अगुवा कार्यकर्ताहरूले सोहीअनुरूप सर्वसाधारणलाई अवगत गराउन आग्रह गरे।

प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीले पार्टी मजबूत बनाउन कार्यकर्ताहरूलाई इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्न आग्रह गरे।

कार्यक्रममा फूलमहम्मद मियाँ, जीतेन्द्रपुरुष ढकाल, अमृतलाल जोशी, धीरज गुप्ता, सरोज चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सचिव दिनेश चौधरी, कोषाध्यक्ष प्रेमबहादुर थापा, प्रवक्ता रमेश पाण्डे, पर्सागढी नपाका पूर्वप्रमुख लोकनारायण यादव, जगरनाथपुर गापाका अध्यक्ष श्रीकान्त यादव, जीराभवानी गापाका अध्यक्ष अनुज चौधरी, उपप्रमुख रेखा चौधरीलगायतको सहभागिता थियो।

## सातजना महिलासहित ३२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ११ वैशाख/

वीरगंज बचत तथा ऋण सहकारी संस्था (विस्को)को वार्षिकोत्सवमा मङ्गलवार सम्पन्न रक्तदान कार्यक्रममा सातजना महिलासहित ३२ जनाले रक्तदान गरेका छन्।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले वर्षा शाक्य, रविता पटेल, गीता पौडेल, निर्जला बस्नेत, रविभूषण श्रीवास्तव, जाहिद अली, युवराज खड्का, अनुज कार्की, रञ्जना कार्की, सन्दीप पटेल, कृष्ण अग्रवाललगायतले रक्तदान गरेको बताए।




### सुनको मूल्य ...

भएको छ।

यस्तै, तेजाबी सुन सोमवार तोलामा रु एक लाख ३७ हजार पाँच सयमा कारोबार भएकोमा आजका लागि रु एक लाख ३४ हजार ८५० निर्धारण भएको छ।

महासङ्घका अनुसार चाँदीको मूल्यमा आज तोलामा रु ४५ ले गिरावट आएको छ। सोमवार प्रतितोला रु एक हजार ७०५मा कारोबार भएको चाँदी आजका लागि एक हजार ६६० निर्धारण भएको छ।




### कुखुरा ...

नवीकरणलगायतका अन्य कागजात रोक्का गरिएको अध्यक्ष चौधरीले बताए।

फार्म स्थापनाका लागि पालिकाका यसभन्दा पहिलेका जनप्रतिनिधिहरूले सिफारिश गरेका कारण फार्म बन्द गर्नका लागि कुनै प्रक्रिया अपनाउन नमिल्ने भएकोले सरसफाइको मापडण्ड लागू गर्न निगरानी बढाइरहेको अध्यक्ष चौधरीले बताए।